प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १८३ | काठमाडौं | शनिबार, १४ कात्तिक २०८३ | Prabhab National Daily | Saturday, 31 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-

‘फिक्सर’ काण्डको समाचार लेख्दा प्रेसमाथि ‘शाही शैली’को धरपकड

विनाबर्दीका प्रहरी समाचारकक्षमै छिरेर पत्रकार नियन्त्रणमा

- फिक्सरका रूपमा प्रचार गरिएका इनम सापकोटाको कनेक्सन प्रधानमन्त्री वालेन्द्र शाहदेखि प्रधानन्यायाधीशसम्म रहेको समाचार बाहिरिएपछि प्रेसमाथि अंकुश लगाउन उत्रियो सरकार
- शुक्रबार प्रहरीले पत्रकार विश्वमणि सुवेदी, शोभराज बराल र धीरज बस्नेतलाई समाचार कक्षमै प्रवेश गरेर नियन्त्रणमा लिएकोमा चौतर्फी विरोधपछि शुक्रबार साँझ सबै रिहा
- नयाँ पत्रिका दैनिकका पत्रकार नवराज मैनाली र दियोपोस्टका सुदीप विश्वकर्मालाई खोज्दै समाचारकक्षमै पुगे सादा पोसाकका प्रहरी

■ **प्रभाव संवाददाता**

काठमाडौं– सञ्चारमाध्यममा प्रकाशित समाचारको विषयलाई लिएर सरकार पत्रकारमाथि धरपकडमा उत्रिएको छ। शुक्रबार सादा पोसाकका प्रहरी विभिन्न सञ्चारमाध्यमको समाचारकक्षमा प्रवेश गरी केही पत्रकारलाई नियन्त्रणमा लिएका हुन्।

नेपाल प्रेस डटकमका पत्रकार विश्वमणि सुवेदी र मोटिभेट न्युजका पत्रकार शोभराज बराललाई शुक्रबार साँझ समाचारकक्षबाटै नियन्त्रणमा लिएको थियो। शुक्रबार दिउँसो डिएनए खबरका प्रधानसम्पादक पत्रकार धिरज बस्नेतलाई नियन्त्रणमा लिइएको थियो। उनीहरूलाई नेपाल प्रहरीको साइबर ब्युरोबाट खटिएका प्रहरीले पक्राउ गरी ब्युरोमा लगेका थिए। ⏭ क्रमशः पृष्ठ २ मा

पत्रकार नवराज मैनालीलाई पक्राउ गर्न नेपाल प्रहरीको साइबर ब्युरोबाट खटिएको टोली शुक्रबार साँझ नयाँ पत्रिका दैनिकको समाचारकक्षमा।
तस्बिर सौजन्य: नयाँ पत्रिका

समाचारकक्षबाटै पक्राउ गरी साइबर ब्युरो पुऱ्याइएका नेपाल प्रेसका पत्रकार विश्वमणि सुवेदी शुक्रबार साँझ रिहा भएपछि।
तस्बिर सौजन्य: नेपाल प्रेस

प्रेस काउन्सिलले भन्यो — प्रेस स्वतन्त्रतामाथिकै गम्भीर प्रश्न

प्रेस काउन्सिल नेपालले सञ्चारमाध्यमको समाचारकक्षमै प्रवेश गरी पत्रकारलाई नियन्त्रणमा लिनु प्रेस स्वतन्त्रतामाथिकै गम्भीर प्रश्न भएको जनाएको छ। शुक्रबार कार्यालय समय सकिएपछि विभिन्न सञ्चारमाध्यमका समाचारकक्षमै प्रवेश गरी सादा पोसाकका प्रहरीले पत्रकारहरूलाई नियन्त्रणमा लिएको तथा पक्राउ गर्ने प्रयास गरेको घटनाप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको भन्दै विज्ञप्ति जारी गरेको हो।

‘प्रहरी प्रधान कार्यालयबाट जारी विज्ञप्तिको पृष्ठभूमिमा भएको यस घटनाले प्रेस स्वतन्त्रता र पत्रकारको व्यावसायिक सुरक्षामाथि गम्भीर प्रश्न उठाएका,’ शुक्रबार साँझ काउन्सिलले जारी गरेका विज्ञप्तिमा भनिएको छ।

काउन्सिलले पक्राउको स्पष्ट कारण, पुर्जी र अदालती अनुमतिविना नै दुई दिन सार्वजनिक बिदा पर्नुअघि यसरी पत्रकारलाई नियन्त्रणमा लिनु गम्भीर आपत्तिको विषय भएको विज्ञप्तिमा उल्लेख गरेको छ। ⏭ क्रमशः पृष्ठ २ मा

सत्तारूढदेखि विपक्षी दलले गरे चर्को विरोध

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता जगदीश खरेलले पत्रकार पक्राउको घटनाले ध्यानाकर्षण भएको भन्दै वक्तव्य निकालेका छन्। खरेलले यसरी गैरकानुनीरूपमा पत्रकारलाई पक्राउ गर्न नहुने बताएका छन्।

‘मौलिक अधिकारको रूपमा रहेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति पार्टीको सम्मान तथा जिम्मेवारी रहेको पनि स्पष्ट पार्न चाहान्छौं। समाचारकै विषयमा कुनै पनि पत्रकार वा सञ्चारकर्मीलाई गैरकानुनीरूपमा पक्राउ गर्न मिल्दैन भन्नेमा रास्वपा स्पस्ट छ। न्यायको खोजी गर्ने अरु धेरै बाटोहरू खुला नै छन्, त्यसलाई अवलम्बन गरौं,’ प्रवक्ता खरेलले भनेका छन्।

नेपाली कांग्रेसका सभापति गगन थापाले प्रेसमाथिको दमन निन्दनीय भन्दै विरोध जनाएका छन्। शुक्रबार साँझ एक विज्ञप्ति जारी गर्दै सभापति थापाले भनेका छन्, ‘सञ्चार माध्यम र पत्रकारमाथि गरिएको यो दमनकारी कदम अत्यन्तै निन्दनीय र घोर आपत्तिजनक छ। नेपाली कांग्रेस यस घटनाको कडा शब्दमा घोर भर्त्सना गर्दछ।’

नेकपा एमालेका महासचिव शंकर पोखरेलले विनापुर्जी नागरिकलाई पक्राउ गर्नु सर्वसत्तावादी अभ्यास भएको बताएका छन्। ⏭ क्रमशः पृष्ठ २ मा

कसले के भने ?

समाचारको स्रोत पत्ता लगाउन समाचार कक्षमा छिरेर प्रहरीले पत्रकार पक्राउ गर्न थालेको हो भने यो मुलुकमा संविधान सकियो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि लड्दै गरौंला, पहिले संविधान जोगाउन लड्नुपर्ने भयो।

■ **शिव गाउले**
पूर्वअध्यक्ष, नेपाल पत्रकार महासंघ

प्रधानमन्त्री वालेन पत्रकार गिरफ्तारीप्रति असन्तुष्ट रे !? पक्राउ परेका पत्रकारलाई रिहा गरेरमात्र पुग्दैन, घटनाको सत्य तथ्य सार्वजनिक हुनुपर्छ। योजनाकारहरूलाई कारबाही पनि गरिनुपर्छ। यो के नाटक हो ? सरकार र रास्वपा पानीमाथि ओभानो हुन पाउँदैन। के सत्ताधारी दल र उसको सरकारले सरकारी सयन्त्रमाथिको नियन्त्रण गुमाएको हो ?

■ **प्रा.डा. कुन्दन अर्याल**
त्रिभुवन विश्वविद्यालय

सञ्चारमाध्यम र पत्रकारमाथि गरिएको यो दमनकारी कदम अत्यन्तै निन्दनीय र घोर आपत्तिजनक छ। नेपाली कांग्रेस यस घटनाको कडा शब्दमा घोर भर्त्सना गर्दछ।

■ **गगन थापा**
सभापति, नेपाली कांग्रेस

विनापुर्जी पक्राउ गर्नु नागरिकमाथि त्रास फैलाउने सर्वसत्तावादी अभ्यास हो। शक्ति पृथकीकरणको सिद्धान्तविपरीत राज्यका सबै अंगलाई त्रासमा राखेर नियन्त्रणमा लिन खोज्नु फासीवादको स्पष्ट संकेत हो।

■ **शंकर पोखरेल**
महासचिव, नेकपा एमाले

सन्दर्भ: वैदेशिक रोजगार

दक्षिणपूर्वी एसियाका ‘स्क्यामिङ केन्द्र’मा नेपालीहरू ठगिने क्रम रोकिएन

■ **प्रभाव संवाददाता**

काठमाडौं– दक्षिणपूर्वी एसियाका अनलाइन स्क्यामिङ केन्द्रमा नेपालीहरू ठगिने क्रम नरोकिएको परराष्ट्र मन्त्रालयले जनाएको छ। शुक्रबार नियमित प्रेस ब्रिफिङमार्फत मन्त्रालयले स्क्यामिङ केन्द्रबाट हालसम्म ८६० जनाको उद्धार गरिएको जानकारी दिएको छ।

ठगिएका नेपालीहरूका आफन्तले परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग र राजदूतावासमा सम्पर्क गर्ने क्रम जारी रहेको मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले बताए। सम्पर्कमा आएकाहरूको सुरक्षित उद्धार गरी स्वदेश फिर्ता ल्याउन

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्री शुक्रबार आयोजित प्रेस ‘बिफ्रिङ’मा।

सो क्षेत्रमा रहेका सरकारी निकायहरूसँग आवश्यक समन्वय र कूटनीतिक पहल जारी राखेको उनको भनाइ छ। ‘दक्षिण पूर्वको कम्बोडिया, म्यानमार, थाइल्याण्ड र लाओसको सीमा क्षेत्रमा सञ्चालित अनलाइन स्क्यामिङ केन्द्रमा ठगिन पुगेका नेपालीहरूको उद्धार र यस विषयमा सचेतनाका लागि निरन्तर समन्वय र पहल जारी राखेका छौं,’ उनले भने।

मन्त्रालयले झूटो प्रलोभनमा नफस्न र गैरकानुनी काममा संलग्न नहुन अनुरोध गरेको छ। रोजगारीको खोजीमा रहेका युवाहरूलाई निषेधित कार्यका लागि दक्षिणपूर्वी एसियाका मुलुकमा लगेर बन्दी बनाएर काम लगाउने गरेको पाइन्छ। नेपालीहरू पर्यटक भिसामा ती मुलुकमा पुग्ने गरेको त्यहाँको दूतावासले जनाएको छ।

नेपालीहरू विभिन्न व्यक्ति तथा सामाजिक सञ्जालको विज्ञापन आदिको माध्यमबाट पर्यटक भिसामा त्यहाँ पुगेको पाइन्छ। उनीहरूलाई भाइबर, ह्वाटएप्स, टिकटक, टेलिग्राम, मेसेञ्जर आदिमा मेसेज आउने र आकर्षक काममा एक लाख रूपैयाँभन्दा बढी कमाउने प्रलोभनमा पार्ने गरेको जनाइएको छ। ती मुलुकहरूमा रोजगारीमा जानुअघि सम्बन्धित रोजगारदाता र कम्पनीबारे जानकारी पर्याप्त जानकारी लिन सरकारले आग्रह गर्दै आएको छ।

विदेशी श्रमिकमाथिको निर्भरता घटाउने नीतिमा मलेसिया

काठमाडौं (प्रस)– मलेसियाले आफ्नो श्रमबजारमा विदेशी श्रमिकमाथिको निर्भरता घटाउने नीतिलाई थप कडा बनाउने तयारी गरेको छ। मलेसियाका मानव संसाधनमन्त्री दातुक सेरी आर रामाननले रोजगारदाताले विदेशी श्रमिक भर्ना गर्नुअघि स्वदेशी श्रमिक उपलब्ध भए नभएको जाँच गर्नुपर्ने बताएका छन्।

‘माइ फ्युचर जब्स’ नामको पोर्टलमार्फत पहिला स्वदेशी नागरिकलाई रोजगारी दिनुपर्ने भनेको द स्टारले जनाएको छ। समाचारका अनुसार रोजगारदाताले विदेशी श्रमिकको भर्ना गर्दा पनि आवश्यकताको समीक्षा गर्नुपर्ने उनले बताएका छन्। मलेसियाले १३औं योजनाअन्तर्गत विदेशी श्रमिकमाथिको निर्भरता घटाउने नीति लिएको जनाउँदै आएको छ। ⏭ क्रमशः पृष्ठ २ मा

श्रम स्वीकृति लिएरमात्र टिकट काट्न विभागको अनुरोध

काठमाडौं (प्रस)– वैदेशिक रोजगार विभागले श्रम स्वीकृति लिएरमात्र हवाई टिकट काट्न अनुरोध गरेको छ। वैदेशिक रोजगारीबाट छुट्टीमा आएका श्रमिकहरूले हवाइ टिकट पाउँदा पनि पुनः श्रम स्वीकृति लिन नसक्दा उडान छुटेको गुनासो आएकाले पहिला श्रम स्वीकृति लिन अनुरोध गरेको हो।

शुक्रबार एक सूचना जारी गर्दै विभागले हवाइ टिकट काटेकाहरूलाई उडान हुन तीन दिन अगाडि नै श्रम स्वीकृतिका लागि आवेदन दिन अनुरोध गरेको छ। साथै, श्रम स्वीकृति नवीकरणका लागि आवेदन दिएकाहरूलाई कुनै समस्या परे विभागले आवश्यक सहजीकरण गर्ने भएको छ। अत्यावश्यक प्रस्थान गर्नेहरूलाई विभागले दिइएको नम्बरमा सम्पर्क गर्न अनुरोध गरेको छ।

स्वस्थ रहन : जीवनशैली परिवर्तन गरौं

असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरू लाग्न सक्छन्

त्यसैले,

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- तनाव व्यवस्थापन गरौं।
- प्रशस्त मात्रामा पानी पिउने गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमश:

'फिक्सर' काण्डको...

यता शुक्रबार साँझ नै नयाँ पत्रिका दैनिकको कार्यालयमा सादा पोसाकका प्रहरी प्रवेश गरी पत्रकार नवराज मैनालीलाई नियन्त्रणमा लिने प्रयास गरेको थियो। पछि शनिबार (आज) १० बजे साइबर ब्युरोमा उपस्थित हुन भन्दै प्रहरीको टोली बाहिरिएको थियो। दियो पोस्ट अनलाइनको कार्यालयमा पनि उसैगरी सादा पोसाकका प्रहरी पुगेर सम्पादक सुदीप विश्वकर्माको खोजी गरेको थियो।

समाचारकक्षमै प्रवेश गरी पक्राउ गरिएकोप्रति चौतर्फी विरोध भएपछि साँझ पक्राउ परेका सबै पत्रकारलाई साइबर ब्युरोले रिहा गरेको थियो। सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले शुक्रबार पक्राउ परेका सबै पत्रकार रिहा भएको सामाजिक सञ्जालमार्फत जानकारी दिएका थिए। उनले सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको बताए।

सर्वोच्च अदालतमा मुद्दा मिलाउने 'फिक्सर'का रूपमा प्रचार गरिएका इनम सापकोटाले 'हाइप्रोफाइल' व्यक्तिसँग लेनदेन गरेको सूचना सञ्चारमाध्यममा आएपछि सरकार प्रेसमाथि कडा रूपमा प्रस्तुत भएको हो। सादा पोसाकमा समाचारकक्ष पुगेर पत्रकारमाथि प्रहरीले धरपकड गरेको घटनाले शाही शासनको झल्को दिएको छ। तत्कालीन राजा ज्ञानेन्द्र शाहको शासनकालमा सञ्चारमाध्यममा सेना प्रवेश गरी समाचार प्रकाशन/प्रसारणमा रोक लगाएका थिए।

शुक्रबार सादा पोसाकका प्रहरी पत्रकार मैनालीलाई पक्राउ गर्न साँझ करिब ७ बजेसम्म पुतलीसडकस्थित नयाँ पत्रिकाको केन्द्रीय कार्यालयमा बसेका थिए। 'सवा ५ बजे सहकर्मी नवराज मैनालीलाई खोज्दै सात जना सादा पोसाकका प्रहरीहरू आइपुगेका हुन्। पक्राउ पुर्जीविना हामीलाई पनि हिँडौं भनेर आतंक फैलाउने काम गर्‍यो,' नयाँ पत्रिकाका सम्पादक खगेन्द्र पन्तले भने। नयाँ पत्रिकाले इनम सापकोटासँग सर्वोच्च अदालतका न्यायाधीश हरि फुयालको सम्पर्क रहेको ह्वाट्सएपको विवरण नै सार्वजनिक गरेको थियो।

नेपाल प्रेसका पत्रकार सुवेदीको बाइलाइनमा नेपाल प्रेस डटकमले 'आइजिपी दानबहादुर कार्कीसँग सरकारले राजीनामा मागेको' विवरणसहितको समाचार ११ कात्तिकमा प्रकाशित गरेको थियो। प्रहरीले सुवेदीलाई पक्राउ गरी नेपाल प्रेसमा प्रकाशित समाचारको स्रोत खोल्न दबाब दिएको बताइएको छ। आफूलाई दुई घण्टा केरकार गरेको र मोबाइल चलाउन नदिएको उनले बताए। यस्तै प्रधानसम्पादक मात्रिका पौडेल र अध्यक्ष विन्दुराज लम्सालललाई पनि ब्युरोमा बोलाएर सोधपुछ गरिएको थियो। 'समाचारको स्रोतको विषयमा हामीलाई सोधपुछ भयो। यसबारे हामी अदालतमा बोल्छौं। हाम्रो समाचारको स्रोत खोल्न मिल्दैन भन्यौं। यो प्रहरीको विषय पनि हैन भन्यौं,' नेपाल प्रेसका प्रधानसम्पादक पौडेलले भने।

दियोपोस्ट डटकमले प्रधानन्यायाधीश मनोज शर्मा र सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद् विश्वराज पोखरेलको नामसमेत उल्लिखित कागज सार्वजनिक गरेको थियो। इनम र आइजी प्रकरणमा गलत समाचार आएपछि सोधपुछका लागि पत्रकारलाई नियन्त्रणमा लिएको साइबर ब्युरोका प्रहरी उपरीक्षक (एसपी) दिपक अवस्थीले बताए।

घुस प्रकरणमा प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीश हरि फुयाल, नेपाल प्रहरीका आइजिपी दानबहादुर कार्कीसमेत इनमको नेक्ससमा देखिएको भन्दै समाचार प्रकाशन भएको थियो। बिहीबार आफ्नो नाम मुछिएपछि प्रधानन्यायाधीश शर्मा र प्रहरीको तर्फबाट आइजीको सचिवालयबाट कुनै संलग्नता नरहेको भन्दै विज्ञप्ति आएको थियो। प्रहरीले बिहीबार उच्च प्रहरी अधिकारीहरूको बैठक राखेको थियो। सर्वोच्च अदालतमा शुक्रबार बिहान फुलकोर्ट बैठक बसेको थियो। उक्त बैठकमा के छलफल भयो भन्ने विषय अझै पनि बाहिर आएको छैन।

हतारहतारमा प्रधानमन्त्रीको निर्देशन-पत्रकारलाई छाडिहाल्नू

पत्रकार धरपकडको चौतर्फी विरोधपछि प्रधानमन्त्री बालेन्द्र शाहले रिहाका लागि निर्देशन दिएका थिए। प्रधानमन्त्रीका प्रेसविज्ञ दीपा दाहालले यसमा प्रधानमन्त्री शाहको कुनै संलग्नता नरहेको दाबी गरिन्। 'पत्रकार पक्राउ परेको घटनाप्रति सम्माननीय प्रधानमन्त्रीज्यू, उहाँको सचिवालय तथा प्रधानमन्त्रीको कार्यालयको कुनै पनि संलग्नता नरहेको र यसबारे पूर्वजानकारीसमेत प्राप्त नभएको स्पष्ट पारिन्छ,' दाहालले भनेकी छन्, 'उक्त घटनाबारे थाहा पाउनासाथ सम्माननीय प्रधानमन्त्रीज्यूले नियन्त्रणमा लिइएका पत्रकारहरूलाई तत्काल रिहा गर्न तथा समाचार कक्षमा प्रवेश गरी कुनै पनि प्रकारको धरपकड नगर्न सम्बन्धित निकायलाई स्पष्ट निर्देशन दिइसक्नुभएको छ।'

पक्रिने संकेत दिउँसै दिएको थिए रास्वपा सांसदले

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मधु चौलागाईले शुक्रबार दिउँसो नै उक्त सूचना चुहिएको विषयमा पत्रकार पक्राउ पर्न सक्ने छनक दिएका थिए। 'आइजिपीसापको विषयमा त्यो चिर्कटो कसले बाहिर ल्यायो ? न्यायपालिकाबाट आएको त होइन। सरकारबाट आएको त होइन। त्यो प्रहरी प्रशासन, सरकारको अण्डरमा भएको प्रहरी प्रशासनबाट आएको हो नि,' चौलागाईले भनेका थिए।

चौलागाईले यस विषयमा प्रहरी र सरकारबीच द्वन्द्व बढेको बताएका थिए। 'यसले के देखाउँछ भने सरकार र प्रहरीबीचमा कहीँ न कहीँ कन्फ्लिक्ट भइरहेको छ। प्रधानन्यायाधीश र न्यायाधीशबारे प्रमाणका रूपमा जे-जे आए। घुस लेनदेनको विषय बाहिर कसरी आए ? त्यतिबेला उहाँहरू उक्त पदमा थिएनन्। अनुसन्धानको विषय किन बाहिर ल्याइयो प्रहरीले ? कतै इडिट भएको हो कि ?,' उनले भनेका थिए। यो प्रकरणका विषयमा सरकारलाई पहिले नै थाहा भए पनि परीक्षण नै बाँकी रहेको विषय जानकारी पाउँदा पनि बाहिर नल्याएको चौलागाईंको भनाइ थियो।

■ ■ ■

प्रेस काउन्सिलले...

प्रकाशित समाचार सामग्रीप्रति असहमति भए छानबिन, अनुगमन र निरूपण गर्ने कानुनी जिम्मेवारी काउन्सिलको भएको स्मरण गराउँदै काउन्सिलले स्थापित विधि र प्रक्रियाबाट समाधान खोज्न नेपाल सरकार, प्रहरी प्रशासन र सम्बद्ध पक्षलाई आग्रह गरेको छ। यसैगरी, काउन्सिलले नियन्त्रणमा लिइएका पत्रकारको अवस्था र कानुनी आधार तत्काल सार्वजनिक गर्न र कानुनी आधारविना राखिएको भए तत्काल रिहा गर्न माग गरेको थियो।

■ ■ ■

सत्तारूढदेखि...

'विनापुर्जी पक्राउ गर्नु नागरिकमाथि त्रास फैलाउने सर्वसत्तावादी अभ्यास हो,' पोखरेलले लेखेका छन्, 'शक्ति पृथकीकरणको सिद्धान्तविपरीत राज्यका सबै अंगलाई त्रासमा राखेर नियन्त्रणमा लिन खोज्नु फासीवादको स्पष्ट संकेत हो।' नेपाली कम्युनिस्ट पार्टी (नेकपा) संसदीय दलका प्रमुख सचेतक युवराज दुलालले पत्रिकाका कार्यालयहरूमा सादा पोसाकमा गरिएको प्रहरीको छापा निन्दनीय र स्वतन्त्र पत्रकारितामाथिको राज्य आतंक भएको बताएका छन्। 'सरकार र अन्य सराकारी निकायका उच्च पदस्थका काला कर्तूत बाहिर ल्याएका कारण यो राज्यआतंक सिर्जना गरिएकोमा नेपाली नागरिकमा कुनै भ्रम छैन,' उनले भनेका छन्, 'हामी तत्काल गिरफ्तार पत्रकारको विनासर्त रिहाइको माग गर्दै सञ्चारमाध्यममाथिको राज्यआतंक बन्द गर्न खबरदारी गर्दछौं।'

रास्वपा सचेतक प्रकाशचन्द्र परियारले 'पुलिस स्टेट बन्द गर' भन्दै सरकारको शैलीको विरोध गरेका छन्। सचेतक परियारले लेखेका छन्, 'समाचारको विषयलाई लिएर समाचारकक्षमै पुगेर पत्रकार पक्राउ, धरपकड र नियन्त्रणको दुष्प्रयाससप्रति घोर भर्त्सना गर्दछु। संविधानमै सुनिश्चित गरिएको प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्ने दायित्व रहेको राज्यको शक्तिशाली संगठन प्रहरीको शैली पुलिस स्टेट यानी प्रहरी राज उन्मुख देखियो।'

■ ■ ■

विदेशी श्रमिकमाथिको...

हाल श्रमिकको भर्ना छ वटा क्षेत्र र तिनका उपक्षेत्रमा सीमित गरिएको रामाननले बताएको जनाइएको छ। साथै, विदेशी कामदारका लागि कडा मापदण्ड र सर्तहरूसमेत लागू गरिने जनाइएको छ।

मलेसियाले सन् २०२७ को जुन महिनादेखि न्यूनतम पारिश्रमिक दुई हजार रिंगेट पुर्‍याउने तयारी गरेको छ। यसबाट ४० लाख श्रमिकहरू लाभान्वित हुने मन्त्री रामाननले जनाएका छन्। उनका अनुसार श्रमिकको आफ्नो सीप र क्षमताअनुसार क्रमिकरूपमा पारिश्रमिकमा सुधार गरिने छ। स्थानीय र विदेशी कामदारका लागि फरक-फरक न्यूनतम पारिश्रमिकका विषयमासमेत सरकारले अध्ययन गर्ने भएको समाचारमा उल्लेख गरिएको छ।

मलेसिया नेपाली श्रमिकका लागि महत्त्वपूर्ण श्रम गन्तव्य हो। हाल त्यहाँ चार लाख नेपाली कार्यरत छन्। मलेसियाले विदेशी श्रमिकको भर्ना पूर्णरूपमा बन्द गर्ने नभने पनि श्रमिकको माग न्यून बनाए उक्त मुलुक जान कठिन हुने र त्यहाँ जाने तयारी गरिरहेका धेरै युवा प्रभावित हुने देखिन्छ। पछिल्लो समय विदेशी श्रमिक भर्तीका लागि 'फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेण्ट सिस्टम (एफडब्ल्युसिएमएस)' लागू गरेपछि नेपालबाट श्रमिक पठाउने कार्य बन्द भएको अवस्था छ। नेपालले सीमित व्यवसायीलाई मात्र अवसर हुने उक्त प्रणाली खारेज गर्न आग्रह गरे पनि मलेसिया आफ्नो अडानमै रहेको छ।

नेपालको स्तरोन्नतिको तयारी अवधि तीन वर्ष थपियो

काठमाडौं (प्रस)– संयुक्त राष्ट्रसंघको महासभाले अतिकम विकसित मुलुक (एलडिसी) को सूचीबाट स्तरोन्नति हुन नेपाललाई थप तीन वर्षको तयारी अवधि प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ। परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले शुक्रबार मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा महासभाले बिहीबार नेपालको स्तरोन्नतिको तयारी अवधि सन् २०२९ नोभेम्बर २४ सम्म थप गर्ने प्रस्ताव पारित गरेको जानकारी दिए।

नेपाल सरकारले विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय घटनाक्रमलाई दृष्टिगत गर्दै सन् २०२६ नोभेम्बरमा हुने निर्धारित स्तरोन्नति तीन वर्ष पछाडि सार्न संयुक्त राष्ट्रसंघसमक्ष अनुरोध गरेको थियो। सोही निर्णयअनुसार मन्त्रालयले राष्ट्रसंघलाई औपचारिक पत्राचार गरेको थियो। थप तयारी अवधि प्राप्त भएसँगै एलडिसी सूचीबाट नेपालको स्तरोन्नति सहज र दिगो हुने विश्वास सरकारले लिएको प्रवक्ता पौडेल क्षेत्रीले बताए।

हानि नोक्सानी कोषबाट २१.६ मिलियन डलर अनुदान

यसैबीच, भोटेकोशी-त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावितलाई सहयोग गर्न संयुक्त राष्ट्रसंघअन्तर्गतको हानि नोक्सानी कोषले नेपाललाई २१.६ मिलियन अमेरिकी डलर अनुदान उपलब्ध गराउने निर्णय गरेको छ।

प्रवक्ता पौडेल क्षेत्रीका अनुसार गत अगस्ट ३१ मा नेपाल सरकारले कोषको बोर्डसमक्ष विशेष आग्रह गरेको थियो। नेपालको आग्रह र बाढीबाट भएको ठूलो मानवीय तथा आर्थिक क्षतिलाई ध्यानमा राख्दै अक्टोबर २२ मा बसेको कोषको विशेष बैठकले उक्त अनुदान उपलब्ध गराउने निर्णय गरेको हो।

यसैगरी, आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा आयोजना हुने संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) मा नेपालको उच्चस्तरीय सहभागिताका लागि तयारी भइरहेको उनले जानकारी दिए।

सम्मेलनका अवसरमा नेपाल र गणतन्त्र कोरियाबीच जलवायु परिवर्तनसम्बन्धी सहकार्यका लागि सहयोग रूपरेखा सम्झौता (फ्रेमवर्क एग्रिमेन्ट फर को अपरेसन अन क्लाइमेट चेन्ज) मा हस्ताक्षर गर्ने तयारी भइरहेको छ। सम्मेलनको साइडलाइनमा नेपाल र अन्य पर्वतीय मुलुकको सहकार्यमा जलवायु परिवर्तन तथा पर्वतीय मुद्दासम्बन्धी विशेष कार्यक्रमसमेत आयोजना गरिने छ।

साउदीमा ड्रोन आक्रमणबाट नेपालीको मृत्यु

साउदी अरेबियाको रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थलमा भएको आक्रमणको नेपाल सरकारले भर्त्सना गरेको प्रवक्ता पौडेल क्षेत्रीले उल्लेख गरे। सरकारले गत असोज २५ गते प्रेस वक्तव्य जारी गर्दै विवादको समाधान शान्तिपूर्ण माध्यमबाट गर्न आह्वान गर्नुका साथै कुनै पनि बहानामा सर्वसाधारण नागरिक तथा सार्वजनिक पूर्वाधारलाई निशाना बनाउन नहुने धारणा सार्वजनिक गरेको थियो।

उक्त घटनामा घाइते भएकाको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै पीडित परिवारप्रति समवेदना व्यक्त गरिएको थियो। यही कात्तिक ४ गते भएको घटनामा एक नेपाली नागरिकको दुःखद निधन भएको जानकारी दिँदै उनले मृतकको शव नेपाल ल्याउन रियादस्थित नेपाली राजदूतावासले आवश्यक समन्वय गरिरहेको बताए।

नयाँ प्रणालीबाट दुई लाख ५० हजार राहदानी छपाइ

मन्त्रालयले नयाँ राहदानी प्रणालीको स्थिरीकरणका लागि निर्धारण गरेको तीनमहिने अवधि समाप्त भएको जनाएको छ। नयाँ प्रणाली कार्यान्वयनका क्रममा देखिएका प्राविधिक समस्या समाधान गरी राहदानी सेवा सहजरूपमा सञ्चालन भइरहेको प्रवक्ता पौडेल क्षेत्रीले बताए।

उनका अनुसार हाल ७७ जिल्ला प्रशासन कार्यालय, २४ इलाका प्रशासन कार्यालय र विदेशस्थित ३९ नेपाली नियोगमा प्रत्यक्ष नामांकन (लाइभ इन्रोलमेन्ट) सेवा सञ्चालनमा रहेको छ। नयाँ प्रणालीमार्फत हालसम्म करिब दुई लाख ५० हजार राहदानी छपाइ भइसकेको मन्त्रालयले जनाएको छ।

बिमालेख हरायो

मिति २०८३/०६/१५ गते काठमाडौँस्थित इन्द्रचोक जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

नाम : राजाराम श्रेष्ठ
बिमालेख नं. : ११००६२८३२
बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौँ
ठेगाना : इन्द्रचोक, काठमाडौँ
सम्पर्क नं. : ९८०१९६८५४८

साउदीमा रोजगार कम्पनी : RUQAYA ABDULAZIZ AL MANSOUR BLOCK FACTORY

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ LT. No. 335609 चलानी नं. ६०२४९३१३

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रू.	ओभरटाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Heavy Truck Driver	2	0	1800	७३,०४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति : २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १८५/०५७/०५८

Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

युएइमा रोजगार कम्पनी : OVERSEAS FACILITIES MANAGEMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ LT. No. 323136 चलानी नं. ६०२३६९८९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभरटाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Carpenter	1	0	1200	४९,७७४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Helper	3	0	800	३३,१८४							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने / रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

ALHAYA श्रम ईजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, 4508610, Bibek Gadtoula - 9851354055, E-mail : alhaya.recruitment@gmail.com

महाबु गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) बमोजिम महाबु गाँउपालिकाले तोकेका तपसिल नदीको स्वीकृत घाटबाट महाबु गाँउपालिकाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) २०८३ मा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट गाँउपालिकाले तोकेको दररेटको अधिनमा रहि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले ठेक्का वन्दोवस्तीका लागि गाँउपालिकाले निर्धारण गरेका शर्तहरुको अधिनमा रही तपसिलका ठेक्काको लागि दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं.	उत्खनन् गर्ने खोला/नदी र स्थान	न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक)	दरभाउ दस्तुर	धरौटी रकम
MRM/SQ/IR/04-2083/84	छामघाट (दार्हेघाट स्थान देखी महाबु ५ **महाबु ४ रपट** र भैरवी ६ कुटी सम्म) महाबु गाँउपालिका	११,१०,८३१।६६/- (अक्षरुपी एघार लाख दश हजार आठ सय एकतीस रुपैया छयसटी पैसा मात्र)	१०००/-	कबोल अंकको ५%

संलग्न गर्नु पर्ने कागजातहरु

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (सम्भव भएसम्म आ ब २०८२/०८३ को समेत), दरभाउ पत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कुमारी बैंक शाखा कार्यालय, गैडाबाज रहेको यस कार्यालयको राजश्व खाता नं. २७४०२४७८१८६०००८ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएको दरभाउ पत्र भरी १६ औ दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ र दरभाउ खोलिने मिती १६ औ दिन दिनको २:०० बजे।

प्रमुख प्रशासकिय अधिकृत

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

यस कम्पनीको मिति २०८३/०६/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **हंस कन्स्ट्रक्शन एण्ड सप्लार्यस प्रा.लि.**को नाम परिवर्तन गरी **हंस कन्स्ट्रक्शन प्रा.लि.(दर्ता नम्बर १७२४४६)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

यस कम्पनीको मिति २०८३/०६/२६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **अजिता कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**को नाम परिवर्तन गरी **पाल्कु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.(दर्ता नम्बर २२०८४९)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/११ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७७/१०/२६ मा दर्ता भएको **आरोश कालिज तथा कृषि फार्म प्राइभेट लिमिटेड (प्रा.लि. नं. २५५२६९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०५८/०१/०४ मा दर्ता भएको **प्रा. लि. नं. १५५०१** को **गणपति गाड्र्स सप्लायर्स** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७८/०५/०१ मा दर्ता भएको **सकुशल मिडिया प्राइभेट लिमिटेड (प्रा.लि. नं. २६८५९७)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७२/०५/०७ मा दर्ता भएको **ब्राइट एजुकेशनल इन्स्टिच्यूट एण्ड कन्सल्टेन्सी प्राइभेट लिमिटेड (प्रा.लि. नं. १३८९९३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०६३/०८/२५ मा दर्ता भएको **श्री देउराली कालीका निर्माण सेवा प्राइभेट लिमिटेड (प्रा.लि. नं. ४२८५४)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७९/१०/२५ मा दर्ता भएको **सनराइज डेकोर एण्ड एक्सपोर्ट इम्पोर्ट कम्पनी प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३०६८४३)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७९/०४/१२ मा दर्ता भएको **जगदुल्ला आयल स्टोर प्राइभेट लिमिटेड (प्रा.लि. नं. २९४७४९)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७९/१०/१७ मा दर्ता भएको **सनराइज मल्टि एग्रिकल्चर कम्पनी प्राइभेट लिमिटेड (प्रा.लि. नं. ३०६११०)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७०/०८/२० मा दर्ता भएको **न्याट नेपाल प्राइभेट लिमिटेड (प्रा.लि. नं. ११७४९६)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयको मिति २०७७/१२/०४ मा दर्ता भएको **प्रा. लि. नं. २५९२७९** को **साइनिङ स्टार एग्रोभेट** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० (तीस) दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

तीन स्थानीय तहको आर्थिक अधिकार रद्द

काठमाडौं (प्रस)– सरुवा भएर नयाँ जिम्मेवारीमा जानुपर्ने कर्मचारी पालिकामै बसेपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तीन पालिकाका प्रमुख प्रशासकीय अधिकृतको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको छ। मन्त्रालयले जुम्लाको कनकासुन्दरी गाँउपालिका, पर्साको जिराभवानी गाँउपालिका र काठमाडौंको बूढानीलकण्ठ नगरपालिकाको खाता रोक्का गरेको हो।

मन्त्री प्रतिभा रावलको सचिवालयका अनुसार पालिकामा कार्यरत कर्मचारीको अन्यत्र सरुवा गरिएको थियो। तर, सरुवा भएको निकायमा हाजिर नगरी उनीहरू सोही पालिकामा कार्यरत रहँदै आएका थिए। यसैबीच, नयाँ खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई समेत पालिकाले हाजिर गराएको थिएन।

सरुवा भएर पनि साविककै कार्यालयमा कार्यरत रहेको तथा नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराइएको विषयमा मन्त्रालयले पालिकाको आर्थिक जिम्मेवारी रद्द गरेको हो। मन्त्रालयले नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएका कर्मचारीलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारीसहित तत्काल कामकाजमा लगाउन निर्देशन दिएको छ। मन्त्रालयले पालिकाको आर्थिक जिम्मेवारी रद्द गरिएको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराउँदै खाता सञ्चालनको आवश्यक व्यवस्था मिलाउनसमेत मन्त्रालयले आग्रह गरेको छ।

> तीन पालिकाका प्रमुख प्रशासकीय अधिकृतको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको छ। जसमा जुम्लाको कनकासुन्दरी गाँउपालिका, पर्साको जिराभवानी गाँउपालिका र काठमाडौंको बूढानीलकण्ठ नगरपालिका रहेका छन्।

तापक्रम वृद्धिका विषयमा नेपाल–भुटानको संयुक्त प्रस्ताव

काठमाडौं (प्रस)– नेपाल र भुटानले हिमाली क्षेत्रमा जलवायु परिवर्तनका कारण उत्पन्न जोखिमलाई अन्तरराष्ट्रिय जलवायु वार्ताको प्रमुख विषय बनाउन संयुक्त प्रस्ताव अघि सारेका छन्।

आगामी नोभेम्बर ९ देखि २० सम्म टर्कीको अन्ताल्यामा आयोजना हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन (कोप–३१) मा 'हिमाली क्षेत्रमा १.५ डिग्री तापक्रम वृद्धि' शीर्षकको छुट्टै एजेण्डा समावेश गर्न दुई देशले प्रस्ताव गरेका हुन्।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले नेपाल र भुटानका तर्फबाट सम्मेलनको मस्यौदा कार्यविधिको नियम १२ अन्तर्गत उक्त प्रस्ताव पेस गरेको वन मन्त्रालयले जनाएको छ। उनले हिमाली समुदायले जलवायु परिवर्तनको पहिलो र सबैभन्दा ठूलो असर व्यहोर्नुपरेको उल्लेख गर्दै त्यसको प्रभाव तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने अर्बौं मानिससम्म पुग्ने बताइन्।

हिमाली क्षेत्रबाट बग्ने नदीहरूले तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने दुई अर्बभन्दा बढी मानिसलाई पानी, खाद्यान्न र ऊर्जा उपलब्ध गराउँदै आएका छन्। त्यस्तै, विश्वका जैविक विविधताका महत्त्वपूर्ण क्षेत्रमध्ये करिब आधा हिमाली क्षेत्रमा रहेका छन्।

नेपाल र भुटानले कोप–३१ मा हिमाली क्षेत्रमा १.५ डिग्री तापक्रम वृद्धि र तापक्रम वृद्धिको लक्ष्य नाघ्ने अवस्थासम्बन्धी वैज्ञानिक अध्ययनलाई अघि बढाउन प्रस्ताव गरेका छन्। त्यसैगरी, हिमाल र जलवायु परिवर्तनसम्बन्धी वार्षिक उच्चस्तरीय संवाद आयोजना गर्ने, संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (युएनएफसिसिसी) अन्तर्गत हिमाली पारिस्थितिक प्रणालीसम्बन्धी कार्ययोजना निर्माणको प्रक्रिया सुरु गर्ने तथा जलवायु अनुकूलन, जलवायु वित्त र हानि नोक्सानीसम्बन्धी विषयमा हिमाली क्षेत्रका प्राथमिकता समावेश गर्न प्रस्ताव गरिएको छ।

नेपाल र भुटानले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिको धारा ४.८ लाई आधार बनाएर प्रस्ताव अघि बढाएका हुन्। यसका साथै यसअघि कोप–२८ को विश्वव्यापी समीक्षा, कोप–३० मा हिमाली क्षेत्रलाई औपचारिक एजेण्डाका रूपमा समावेश गर्ने निर्णय, सन् २०२६ जुन १२ मा एसबी–६४ अन्तर्गत आयोजित हिमाल र जलवायु परिवर्तनसम्बन्धी संवाद तथा सगरमाथा आह्वानलाई पनि प्रस्तावको आधार बनाइएको छ।

प्रस्तावमा हिमाली क्षेत्रका विषयहरू संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिको मुख्य निर्णय प्रक्रियामा पर्याप्तरूपमा समावेश हुन नसकेको उल्लेख गरिएको छ। हिमाली क्षेत्रलाई छुट्टै एजेण्डाका रूपमा समावेश गर्दा यस क्षेत्रका समस्यालाई नियमित र संस्थागतरूपमा सम्बोधन गर्न सकिने अपेक्षा गरिएको छ। मन्त्री चौधरीले हिमालले कुनै देशको सीमा नचिन्ने र हिमाली क्षेत्रमा उत्पन्न हुने जोखिम पनि सीमाभित्र सीमित नरहने बताएकी छन्।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०६/२६ मा स्वीकृति प्राप्त भई साविक कम्पनी **रोयल डिजाइन इन्जिनियरिङ सर्भिस प्राइभेट लिमिटेड (प्रा. लि. १६८३१३)** को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण। धन, कर दायित्व आदि परिवर्तित नामको **रोयल डिजाइन एण्ड कन्सट्रक्सन प्राइभेट लिमिटेड** अंग्रेजीमा Royal Design And Construction Private Limited ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०८३/०६/१९ मा दर्ता भएको यस **श्री नेशनल इन्स्टिच्युट अफ पब्लिक स्पिकिङ प्राइभेट लिमिटेड** (प्रा.लि.नं.९२२२७) कम्पनी यस कार्यालयको मिति २०८३/०६/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/११/१० मा दर्ता भएको प्रा.लि.नं. २८४७६५ को **कान्ता एकीकृत कृषी फार्म प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०७/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०६८।१०।१८ मा दर्ता भएको प्रा.लि.नं. ९०२०७ को **खुशी ईन्भेष्टमेन्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०६।१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी सम्बन्धी १ (एक) दिने सूचना

यस कार्यालयमा मिति २०७६।०४।०६ मा दर्ता भएको प्रा.लि.नं. २१९१८९ को **खुशी यातायात प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३।०७।१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

यस कम्पनीको मिति २०८३/०४/१९ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **सुखिपुर सव–मनि ट्रान्सफर प्रा.लि.**को नाम परिवर्तन गरी **ग्लोबल ट्रेडर्स नेपाल प्रा.लि.(दर्ता नम्बर ७६६९३)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/२६ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

यस कम्पनीको मिति २०८३/०५/०७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **नेचर फार्म प्रा.लि.** को नाम परिवर्तन गरी **सेभेन किंगडम फन पार्क एण्ड रिसोर्ट (दर्ता नम्बर २५६९१२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/२२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४ गते

यस कम्पनीको मिति २०८३/०५/२६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **जेनेरस ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.**को नाम परिवर्तन गरी **जेनेरस कन्सल्टेट एण्ड कन्स्ट्रक्सन प्रा.लि.(दर्ता नम्बर ३१४८२७)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/१५ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना

यस कार्यालयमा मिति २०७५/०५/१८ मा दर्ता भएको प्रा.लि.नं. १९७७१४ को **डि.ब्लन्च क्याफे प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

Head Office:
Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167, 5903698
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

Unaudited Financial Result(Quarterly) First Quarter End of Fiscal Year 2083/084

(NRs. 000)

Statement of Financial Position As on Quarter Ended 31st Asoj 2083

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and cash equivalent	583,484	349,826
Due from Nepal Rastra Bank	716,887	484,047
Placement with Bank and Financial Institutions	-	-
Derivative financial instruments	-	-
Other trading assets	-	-
Loan and advances to B/FIs	1,329	3,489
Loans and advances to customers	10,318,482	9,097,370
Investment securities	1,515,350	2,023,403
Current tax assets	58,521	35,703
Investment in subsidiaries	-	-
Investment in associates	-	-
Investment property	162,263	162,263
Property and equipment	323,938	320,055
Goodwill and Intangible assets	2,569	2,917
Deferred tax assets	-	-
Other assets	48,142	44,978
Total Assets	**13,730,965**	**12,524,051**
Liabilities		
Due to Bank and Financial Instituions	139,529	132,830
Due to Nepal Rastra Bank	-	-
Derivative financial instruments	-	-
Deposits from customers	12,283,577	10,975,776
Borrowing	-	-
Current Tax Liabilities		
Provisions	-	-
Deferred tax liabilities	3,164	5,192
Other liabilities	95,240	100,642
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**12,521,511**	**11,214,440**
Equity		
Share capital	1,121,452	1,121,452
Share premium	1,141	1,141
Retained earnings	(289,562)	(151,067)
Reserves	376,424	338,085
Total equity attributable to equity holders	**1,209,454**	**1,309,611**
Non-controlling interest	-	-
Total equity	**1,209,454**	**1,309,611**
Total Liabilities and equity	**13,730,965**	**12,524,051**

Condensed Statement of Profit or Loss As on Quarter Ended 31st Asoj 2083

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Interest income	234,027	234,027	191,756	191,756
Interest expenses	127,510	127,510	126,394	126,394
Net interest income	**106,517**	**106,517**	**65,362**	**65,362**
Fee and commission income	25,844	25,844	14,354	14,354
Fee and commission expenses	-	-	-	-
Net fee and commission income	**25,844**	**25,844**	**14,354**	**14,354**
Net interest, fee and commission income	132,361	132,361	79,716	79,716
Net trading income	-	-	-	-
Other operating income	2,345	2,345	12,287	12,287
Total operating income	**134,707**	**134,707**	**92,003**	**92,003**
Impairment charge/(reversal) for loans and other losses	183,617	183,617	206,200	206,200
Net operating income	**(48,911)**	**(48,911)**	**(114,197)**	**(114,197)**
Operating expenses			-	-
Personnel expenses	40,665	40,665	30,696	30,696
Other operating expenses	26,724	26,724	16,780	16,780
Depreciation & Amortisation	3,978	3,978	3,154	3,154
Operating Profit	**(120,277)**	**(120,277)**	**(164,827)**	**(164,827)**
Non operating income	-	-	-	-
Non operating expenses	-	-	-	-
Profit before income tax	**(120,277)**	**(120,277)**	**(164,827)**	**(164,827)**
Income tax expenses			-	-
Current Tax	-	-	-	-
Deferred Tax	-	-	-	-
Profit for the period	**(120,277)**	**(120,277)**	**(164,827)**	**(164,827)**

Condensed Statement of comprehensive income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Profit for the year	(120,277)	(120,277)	(164,827)	(164,827)
Other comprehensive income	(5,179)	(5,179)	11,529	11,529
Total comprehensive income for the period	**(125,456)**	**(125,456)**	**(153,298)**	**(153,298)**
Basic earnings per share(Annualized)		(42.90)		(58.79)
Diluted earnings per share				
Profit attributable to:				
Equity-Holders of the Bank	(120,277)	(120,277)	(164,827)	(164,827)
Non-Controlling Interest				
Total	**(120,277)**	**(120,277)**	**(164,827)**	**(164,827)**

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter Ending	Upto This Quarter (YTD)	This Quarter Ending	Upto This Quarter (YTD)
Capital Fund to RWA		10.17%		13.37%
Tier 1 Capital To RWA		8.47%		11.10%
Non-Performing Loan (NPL) to Total Loan		9.67%		10.67%
Total Loan Loss Provision to Total NPL		65.52%		81.34%
Cost of Funds		4.23%		5.56%
Credit to Deposit Ratio		87.20%		82.33%
Base Rate		6.85%		8.48%
Interest Rate Spread		4.19%		4.59%

Statement of Distributable Profit or Loss

Particulars	Current Year
Net profit or (loss)as per statement of profit or loss	(120,277)
Appropriations:	-
a. General reserve	-
b. Foreign exchange fluctuation fund	-
c. Capital redemption reserve	-
d. Corporate social responsibility fund	(28)
e. Employee' training fund	(273)
F. Other	-
Profit or (loss) before regulatory adjustment	**(120,578)**
Regulatory adjustment:	
Transfer to regulatory reserve	
Transfer from regulatory reserve	(17,917)
Net profit/(loss) for the quarter ended on Asoj 2083 available for distribution	**(138,495)**
Opening Retained Earnings on Shrawan 1 2083	**(151,067)**
Adjustments	
Distribution	
Total Distributable Profit/(Loss) as on Asoj end 2083	**(289,562)**

Notes:
1. The above figures are subject to review/change from regulator and/or external audit.
2. Above Financial are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) as per NRB Directive. Interest income on financial assets measured at amortized cost within the context of NFRS-9 ECL guidelines has been recognized in accordance with the Guidance Note on interest income Recognition, 2025 dated 2082/04/11 issued by NRB.
3. The figures of previous periods have been regrouped/rearranged whenever necessary.
4. If the stautory and supervising authority notifies to change the unaudited Financial statement may change accordingly.
5. Personnel expenses includedes staff bonus as per the bonus Act 2030.
6. Loan loss provision and interest income are adjusted availing the facilities of NRB circular.
7. Interim financial statements have been pulished in website.
8. Certain parts of NFRS will be compiled on preparation of annual financial statements.

Annexure 14 of Securities Registration and Issue Regulations, 2073 (Related to sub rule (1) of Rule 26) For the First Quarter of F.Y.2083/84)

1. **Financial Statements Highlights**
   i. Financial detail at the end of **First** quarter ending 31/06/2083 of the financial year 2083/84 has been shown above.
   ii. Major Financial Indicators

Earnings per share (Annualized)	NPR.(42.90)	Market Value Per Share	NPR 413.90
Price Earnings Ratio	(9.65)	Net Worth Per Share	107.85
Total Assets/No. of share	1,224.39	Liquidity Ratio	20.52

2. **Management Analysis**
   a. **Details relating to the change in the FI's reverse income and liquidity in the quarter (if any) and its main reason.** There has been change in the FI's reserve position, income and liquidity as stated in the financial highlight of in this quarter ending of FY 2083-84.There have been changes in the reserve position of the FI based on the profit/loss generated during the reported period. The FI continues to maintain comfortable liquidity position.
   b. **Management's analytical details regarding future business plan:** FI's seeks to achieve sustainable growth in business and profitability as per its strategic management plan.
   c. **Analytical details of the incidents that may have major impact on reserve, profit or cash flow (if any) based on previous experience:** There have been no incidents or conditions which may have impact on the FI's position, profits and cash flow.

3. **Legal Proceedings**
   a. **Case filed by or against the FI in this quarter:** Except in the regular course of business, there is no law suits filed against the FI in this quarter.
   b. **Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or Director of the FI:** No such information has been received.
   c. **Case relating to commission of financial crime filed against any promoter or Director of the FI:** No such information has been received.

4. **Analysis of Stock Performance**
   a. **Management view on the transaction of the shares to the FI in the Share Market:** : Movements in the share price are determined by the open market principal. Hence, management has neutral opinion regarding the share price movement.
   b. **Maximum, minimum and last share price of organized institution including total transacted number of share and transacted day during the quarter. (As per Nepalstock.com)**

Maximum share price	NPR 479	Minimum share price	NPR 407.50
Closing share price	NPR 413.90	Total no. of transactions	5,640
No. of days of transaction	61 days	Total traded no. of share	11,54,869

5. **Problem and Challenges**
   Internal Problems and Challenges: Increasing operational risk due to increase in branch network and transactions, increasing operational cost, turnover of staffs are the major internal problems and challenges faced by the FI.
   External Problems and Challenges: High competition in the BFI's industry, volatile interest rate on deposit, lack of favorable environment for the investment are the major external problems and challenges faced by the FI.
   Strategy to overcome the problems and challenges: Expanding business activities with caution observing the changes in internal and external environment, effective risk management, monitoring and controlling on operational risk, market risk and interest rate risk, focus on development of staffs by training, counseling and monitoring them, innovative product for expanding customer base.

6. **Corporate Governance**
   Board of Directors, Audit Committee and Management team are committed to strengthening good corporate governance within the FI. Reliance Finance Ltd has written policies, rules and guidelines to perform banking with good governance.

7. **CEO's declaration regarding truth and fairness**
   I am responsible for the truth and fairness of the information and statements in this report till date. Besides, I declare that, to the extent of my knowledge, the statements are true and fair and any information necessary for investors to decisions has not been suppressed.

प्रकृति, संस्कृति र ऐतिहासिकताले सम्पन्न पर्यटकीय गन्तव्य मकवानपुर

वासुदेव पौडेल/बागमती

प्रकृति र संस्कृतिका साथै ऐतिहासिकताका दृष्टिले सम्पन्न जिल्ला हो मकवानपुर । प्रकृति, संस्कृति र इतिहासलाई पर्यटकीय सम्पदाका रूपमा जोड्नका लागि निरन्तर प्रयासहरू भइरहे पनि यहाँका गन्तव्यहरूमा अपेक्षित पर्यटक भने भित्र्याउन सकिएको छैन ।

बागमती प्रदेशको राजधानीसमेत रहेको हेटौंडासहित यहाँका १० वटै पालिकामा विभिन्न पर्यटकीय गन्तव्यहरू रहेका छन् । थुप्रै गन्तव्यहरू रहेको जिल्लामा यसअघि २०७६ सालमा यहाँका १० वटै पालिकाका तीन/तीन वटा गन्तव्यलाई पर्यटकीयस्थलका रूपमा पहिचान गरी पर्यटकीय गन्तव्य निर्धारण गरिएको थियो । यसक्रममा यहाँका पालिकाहरूमध्ये हेटौंडा उपमहानगरपालिकामा सहिद स्मारक, चुरियास्थित सुरुङमार्ग र चुरियामाई मन्दिर तथा गुम्बाडाँडामा रहेको मूर्तिकला बगैंचालाई पर्यटकीय गन्तव्यका रूपमा छनोट गरिएको थियो । त्यतिबेला थाहा नगरपालिकामा रहेका दामन, सीमभञ्ज्याङ, चित्लाङ र राष्ट्रिय विभूति पार्कलाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो भने मनहरि गाउँपालिकामा रहेका शान्ति पार्क, रमौली जंगल सफारी र बनकरिया होमस्टे छनोट भएका थिए । त्यस्तै मकवानपुरगढी गाउँपालिकामा सेनकालीन इतिहासको साक्षी मकवानपुरगढी दरबार क्षेत्र, मनकामना मन्दिर र सहिद रुद्रबाटिका पार्क पर्यटकीय गन्तव्यमा समेटिएका थिए ।

यहाँको भीमफेदी गाउँपालिकाका ऐतिहासिक चिसापानी गढी, हात्तीसार र त्रिखण्डी मन्दिर क्षेत्रका साथै राक्सिराङ गाउँपालिकाका पाइराङ भीम्बुङ, जलपरि झरना, चमेरे गुफा र चैनपुरस्थित चेपाङ संग्रहालयलाई पर्यटकीय गन्तव्य छनोट गरिएको थियो । इन्द्रसरोवर गाउँपालिकास्थित इन्द्रसरोवर ताल, भालेश्वर मन्दिर र मदन भण्डारी फाखेल मैत्रीपार्क, चौकोट देवी मन्दिरलाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो भने कैलाश गाउँपालिकाका कैलाश बैकुण्ठ, देखारी र घैराङ पर्यटक पार्कलाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो ।

बकैया गाउँपालिकाको गौतमबुद्ध पर्यटन पार्क, धानेश्वर पार्क र बकैया ठाकुर पर्यटन पार्क एवं बागमती गाउँपालिकामा रहेका झुरझुरेस्थित सहिद स्मारक पार्क, गोल्मे दरबार क्षेत्र र बेतिनीस्थित वनभोजस्थललाई पर्यटकीय गन्तव्यमा समेटिएको थियो । प्रत्येक पालिकाका तीन/तीनवटा गन्तव्यलाई पर्यटकीय गन्तव्यका रूपमा छनोट गरिए पनि तिनीहरूको आवश्यक प्रवर्द्धन भने हुन नसकेको पर्यटन क्षेत्रका जानकारहरू बताउँछन् । पछिल्ला वर्षमा यहाँका हरेक पालिकाले पर्यटन र कृषिलाई नै मुख्य प्राथमिकतामा राखेको पाइन्छ ।

हेटौंडासहित जिल्लाका विभिन्न गन्तव्यहरू पर्यटन प्रवर्द्धनको पर्खाइमा रहेको हिमालयन राइडर्स सोसाइटी हेटौंडाका अध्यक्ष राजु थापा गमरले बताए । जिल्लाका गन्तव्यहरू पर्यटकीय उपयोग गर्नका लागि स्थानीय तहहरूको विशेष सक्रियता आवश्यक हुने उनको भनाइ छ । पर्यटनमा धेरै सम्भावित ठाउँ हुँदाहुँदै यसको उचित उपयोग हुन नसकेको वास्तविकतालाई सबैले मनन् गर्नु आवश्यक रहेको उनले बताए ।

कुन-कुन छन् त प्रमुख पर्यटकीय गन्तव्य

हेटौंडास्थित सहिद स्मारक मकवानपुरमा धेरै पर्यटकहरू आउनेमध्येको एक गन्तव्य हो । पर्यटकलाई लक्षित गरी वर्षको ३६५ दिन नै यो स्मारक खुला राख्ने गरिएको छ । विशेषगरी बिदाका समयमा ठूलो संख्यामा पर्यटकहरू स्मारक क्षेत्रको भ्रमण गर्ने गरेको कार्यालयका लेखा अधिकृत आशिष बिडारी बताउँछन् । विभिन्न शैक्षिक संस्थाको अवलोकन भ्रमणसँगै व्यक्तिगतरूपमा हेटौंडामा घुम्न आउने पर्यटकका लागि पनि यो नछुटाउने गन्तव्यजस्तै बनिरहेको छ । विशेषतः सार्वजनिक बिदाका दिनमा ठूलो संख्यामा पर्यटकहरू आउने गरेको स्मारकमा नयाँ वर्षको दिनमा त यहाँ ३० हजारसम्म पर्यटक आउने गरेको तथ्यांक छ ।

स्मारक घुम्न आउने पर्यटकका लागि विभिन्न दरका टिकट दस्तुर निर्धारण गरिएको छ । नेपाली सर्वसाधारणका लागि प्रतिव्यक्ति ५० रूपैयाँ, विद्यार्थीका लागि ३० रूपैयाँ टिकट शुल्क तय गरिएको छ । विदेशी पर्यटकमध्ये सार्क राष्ट्रका पर्यटकका लागि १०० रूपैयाँ र अन्य विदेशी मुलुकका पर्यटकका लागि १५० रूपैयाँ टिकट शुल्क निर्धारण गरिएको छ । विभिन्न कालखण्डमा भक्ति थापादेखि २०४६ सालसम्मका सहिदहरूलाई समेट्नेगरी १२ जना सहिद र ज्ञातअज्ञात सहिदको प्रतिनिधिको रूपमा एक/एक महिला र पुरुषको अमुक आकृति समावेश गरी बनाइएको सहिद स्मारकको तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले २०५१ माघ १७ गते अनावरण गरेसँगै स्मारकको विकासक्रम सुरु भएको थियो ।

> हेटौंडास्थित सहिद स्मारक मकवानपुरमा धेरै पर्यटकहरु आउनेमध्येको एक गन्तव्य हो । पर्यटकलाई लक्षित गरी वर्षको ३६५ दिन नै यो स्मारक खुला राख्ने गरिएको छ । विशेषगरी बिदाका समयमा ठूलो संख्यामा पर्यटकहरु स्मारक क्षेत्रको भ्रमण गर्ने गरेको कार्यालयका लेखा अधिकृत आशिष बिडारी बताउँछन् । विभिन्न शैक्षिक संस्थाको अवलोकन भ्रमणसँगै व्यक्तिगतरुपमा हेटौंडामा घुम्न आउने पर्यटकका लागि पनि यो नछुटाउने गन्तव्यजस्तै बनिरहेको छ ।

स्मारक परिसरमा वनभोजस्थलदेखि बालबालिकाको मनोरञ्जनका लागि चिप्लेटी, पिङ, जिप, ट्रेन, आदि रहेको छ भने वयस्कका लागि रोटेपिङ, नाउडुंगा, फ्लाइङ चेयर, फ्लाइङ कार आदि सञ्चालित छन् । त्यस्तै साहसिक मनोरञ्जनात्मक खेलहरू जिपलाइन, रोलर कोस्टर जिपलाइन, स्काइ साइकल पनि सञ्चालन गरिएको छ । साहसिक मनोरञ्जनात्मक खेलका लागि निजी क्षेलाई लिजमा दिएर सञ्चालन गरिएको छ भने हालै जातीय संग्रहालयसमेत स्थापना गरिएको छ ।

स्मारक परिसरमा ऐतिहासिक प्रजातान्त्रिक आन्दोलनका अगुवाहरू विश्वेश्वरप्रसाद कोइराला, मनमोहन अधिकारी, पुष्पलाल श्रेष्ठ र गणेशमान सिंहको पूर्णकदको प्रतिमासहित आकर्षक बगैंचा, फाउण्टेनसहितको प्रजातान्त्रिक पार्क, सम्पूर्ण सहिदहरूलाई एकै थलोमा स्मरण गर्न ६५ फिट अग्लो १९ मिटर गोलाइको सहिदस्तम्भ, चिडियाघर आदि संरचना रहेका छन् ।

हेटौंडा उपमहानगर क्षेत्रभित्रै रहेका दक्षिण एसियाकै पहिलो चुरिया सुरुङमार्गदेखि चुरिया माई, हर्नामाडीमा रहेको १४ देशका २३ मूर्तिकारले सिर्जना गरेका मूर्ति राखिएको मूर्ति संग्रहालय, जुरेथुमस्थित ४२ फिट अग्लो श्रीकृष्णको मूर्ति आदि गन्तव्यहरूमा अझै अपेक्षित पर्यटक पुऱ्याउन सकिएको छैन । हेटौंडाकै महाभारतकालीन इतिहासको साक्षी भुटनदेवी मन्दिर, कुष्माण्ड सरोवर त्रिवेणीधाम, एक दिवसीय हाइकिङसँग जोड्न सकिने भैरवडाँडास्थित पाथीभर मन्दिर आदि स्थानहरू प्रवर्द्धनको पर्खाइमा छन् त्यस्तै वृन्दावन, पुष्पलाल पार्क, गुम्बा डाँडा (मूर्तिकला उद्यान), र जुरेथुम आदि यहाँका महत्त्वपूर्ण सम्पदास्थल हुन् ।

हेटौंडाको पर्यटकीय सम्भावनालाई लक्षित गरी उपमहानगरपालिकाले पर्यटन केन्द्रित विभिन्न कार्यक्रमहरू अघि बढाइरहेको उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले बताइन् । उपमहानगरपालिकाले हेटौंडा पर्यटन वर्ष २०८३ को आधिकारिक प्रतीक चिह्न (लोगो) सार्वजनिक गर्ने तयारी गरेको छ । उपमहानगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार 'हेटौंडा पर्यटन वर्ष, २०८३' मनाउने सन्दर्भमा उपमहानगर क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने उद्देश्यका साथ 'हेटौंडा पर्यटन वर्ष २०८३' को आधिकारिक प्रतिक चिह्न तयार गर्न लागिएको प्रमुख लामाले बताए ।

उक्त प्रतीक चिह्न तयार गर्ने सम्बन्धमा उपमहानगरले सार्वजनिक सूचना जारी गर्दै इच्छुक नेपाली नागरिक, कलाकार, डिजाइनर तथा संघ/संस्थाहरूलाई आह्वानसमेत गरेको थियो । उपमहानगरपालिकाबाट सञ्चालन भइरहेका विभिन्न कार्यक्रमलाई पर्यटन वर्षकै सन्दर्भमा जोडेर सञ्चालन गरिँदै आइएको उनले बताए । 'उपमहानगरपालिका पर्यटनलाई प्राथमिकतामा राख्दै अघि बढिरहेको छ,' उनले भने, 'पर्यटन लक्षित विभिन्न पूर्वाधार विकासमा सहयोगसँगै प्रवर्द्धनमा हामीले जोड दिँदै आएका छौं ।'

मकवानपुर जिल्लाकै पर्यटकीय गन्तव्यमध्ये मकवानपुरगढी गाउँपालिकास्थित ऐतिहासक मकवानपुरगढी सेनकालीन इतिहासको साक्षी हो । नेपालको एकीकरणपूर्व एउटा शक्तिशाली राज्यका रूपमा रूपमा रहेको मकवानपुरगढी दरबार तत्कालीन वास्तुकला शिल्पको अनुपम उदाहरणसमेत हो । सेनवंशी राजाको इतिहासदेखि नेपाल एकीकरणका ऐतिहासिक पक्षहरूको जीवन्त साक्षी यो दरबार वर्तमानमा भने मकवानपुरकै महत्त्वपूर्ण पर्यटकीय गन्तव्यका रूपमा चासो र चर्चा कमाएको गन्तव्य हो । हेटौंडाबाट करिब १६ किलोमिटर पूर्व कान्ति राजपथ सडकसँगै समुद्री सतहदेखि एक हजार १७ मिटर उचाइमा रहेको यस गढीले नेपालको एकीकरण हुनुपूर्व सेनवंशीय शासनको ऐतिहासिक विरासतको जीवन्त इतिहासलाई झल्काउने गरेको छ ।

क्रमशः पृष्ठ ५ मा

ज्ञान, अध्ययन र सिर्जनाको त्रिवेणी 'त्रिफला'

सुदीप राउत/झापा

हातहातमा 'स्मार्टफोन', सामाजिक सञ्जालको 'भर्चुअल' दुनियाँ । यसैमा रमाइरहेको आजको पुस्ता तर झापाको मेचीनगर-१० धुलाबारीस्थित त्रिफला राष्ट्रिय पुस्तकालयमा भने फरक दृश्य देखिन्छ । चारैतिर पुस्तकका पंक्तिबीच युवा मोबाइलको स्क्रिनमा होइन, पुस्तकका पानामा नजर दौडाउँदै अध्ययनमा तल्लीन भेटिन्छन् । कोही चार्टर्ड एकाउन्टेन्सी (सिए)को तयारीमा छन्, कोही लोकसेवाको परीक्षाको अध्ययनमा जुटेका छन् त कोही चिकित्सकको लाइसेन्स परीक्षा उत्तीर्ण गर्ने लक्ष्यसहित पढिरहेका छन् ।

तीमध्ये एक हुन्, मेचीनगर-१० का प्रशान्त चौधरी । चार्टर्ड एकाउन्टेन्सी अध्ययन गरिरहेका उनको विगत एक वर्षदेखि पुस्तकालय आउने-जाने दैनिकी बनेको छ । हरेक दिन आफ्नो 'कोर्शबुक' बोकेर पुस्तकालय पुग्ने उनी दैनिक चारदेखि पाँच घण्टा यहाँ बिताउँछन् । पुस्तकालयको शान्त वातावरण उनका लागि अध्ययनको आधार बनेको छ ।

'पुस्तकालयमा शान्त र अध्ययनका लागि उपयुक्त वातावरण छ । घरमाभन्दा यहाँ बसेर पढ्दा बढी एकाग्र हुन सकिन्छ । चारैतिर पुस्तक देख्दा पनि पढ्न प्रेरणा मिल्छ,' चौधरी भन्छन्, 'त्यसैले आफ्नो कोर्शबुक बोकेर दैनिक चारदेखि पाँच घण्टा यहाँ अध्ययन गर्ने गरेको छु । सिए अध्ययनका लागि नियमित अभ्यास र एकाग्रता आवश्यक पर्ने भएकाले पुस्तकालय मेरो अध्ययनको राम्रो थलो बनेको छ ।'

उनीजस्तै मेचीनगर-९ की यमुना तिम्सिना पनि अध्ययनका लागि केही दिनयता नियमित पुस्तकालय आउन थालेकी छन् । अध्ययनका लागि अनुकूल वातावरण खोज्दै पुस्तकालय पुग्ने उनी नयाँ पाठकमध्ये एक हुन् । मेचीनगर-१० की डा. समीक्षा खड्का भने एमबिबिएस अध्ययन पूरा गरेर चिकित्सकको लाइसेन्स परीक्षाको तयारी गरिरहेकी छन् । उनी दुई महिनादेखि नियमितरूपमा पुस्तकालयमा अध्ययन गर्दै आएकी छन् । 'घरमा एक्लै पढ्दा कहिलेकाहीँ एकोहोरो लाग्छ । पुस्तकालयमा शान्त वातावरण र पारिवारिक माहोल छ । यहाँ आउँदा मन पनि शान्त हुन्छ र पढाइमा ध्यान दिन सजिलो हुन्छ,' खड्का भन्छिन् ।

यी तीनै जना फरक शैक्षिक लक्ष्य बोकेर पुस्तकालय पुग्छन् । उनीहरूका लागि पुस्तकालय केवल पुस्तक पढ्ने ठाउँमात्र होइन, आफ्नो भविष्य निर्माणका लागि एकाग्र भएर समय बिताउने साझा थलो बनेको छ । पठन संस्कृति कमजोर हुँदै गएको चर्चा भइरहँदा पुस्तक पढ्ने बानी साँच्चै हराउँदै गएको हो वा त्यसका लागि उपयुक्त वातावरण र अवसरको अभाव छ भन्ने प्रश्न पनि उठ्छ । चौधरी भन्छन्, 'पढ्ने रुचि भएका विद्यार्थीलाई शान्त वातावरण र आवश्यक पुस्तक उपलब्ध गराउन सकियो भने पठन संस्कृतिलाई अझै बलियो बनाउन सकिन्छ । पुस्तकालय त्यसका लागि उपयुक्त थलो हो ।'

त्रिफला राष्ट्रिय पुस्तकालयकी कर्मचारी चन्द्रकला भट्टराईका अनुसार दैनिक १० देखि १५ जना पाठक नियमितरूपमा अध्ययनका लागि आउने गरेका छन् । बिदाका दिन कतिपय विद्यालयबाट विद्यार्थीलाई पुस्तकालय भ्रमण गराउने गरिएको छ । 'यहाँ दैनिक नियमित रूपमा अध्ययन गर्न आउने पाठक हुनुहुन्छ । लोकसेवाको तयारी गर्ने विद्यार्थी पनि आउनुहुन्छ । विद्यालयबाट विद्यार्थीलाई पुस्तकालयबारे जानकारी दिन र अवलोकन गराउन पनि ल्याउने गरिएको छ,' भट्टराईले भनिन् ।

पुस्तकालयमा विद्यार्थीको नियमित उपस्थिति र विद्यालयबाट हुने भ्रमणले नयाँ पुस्तालाई पुस्तक तथा पठन संस्कृतिसँग जोड्ने अवसर दिएको छ । अध्ययनका लागि शान्त ठाउँ खोज्ने विद्यार्थी र पुस्तकको संसारसँग परिचित हुन आउने बालबालिका दुवैका लागि पुस्तकालय उपयोगी बनिरहेको छ । २०५३ वैशाख १ गते केही पुस्तकबाट सुरु भएको त्रिफला राष्ट्रिय पुस्तकालयले आफ्नो तीन दशक लामो यात्रामा अहिले ५० हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिका संग्रह भएको संस्थाका रूपमा आफूलाई विकसित गरेको छ । धुलाबारी माध्यमिक विद्यालयको प्रांगणबाट सुरु भएको यसको यात्रा भाडाका कोठा हुँदै आफ्नै तीनतले भवनसम्म आइपुगेको हो ।

पुस्तकालयको पहिलो तलामा पुस्तकालय, वाचनालय र कार्यालय छन् । दोस्रो तलामा साहित्यिक, शैक्षिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सभाहल छ । तेस्रो तलामा साहित्यकार तथा अतिथिका लागि आवासीय कक्ष बनाइएका छन् । यसले पुस्तकालयलाई अध्ययनसँगै साहित्यिक भेटघाट र विचार आदानप्रदानको केन्द्रका रूपमा विकास गरेको छ ।

पुस्तकालयका संस्थापक अध्यक्ष प्रेमप्रकाश पोखरेल 'फलाहारी' पुस्तकालयलाई पुस्तक थुपारेर राख्ने ठाउँमा मात्र सीमित गर्न नहुने बताउँछन् । 'पुस्तकमा ज्ञानको ठूलो भण्डार हुन्छ । त्यसलाई पढ्ने, बुझ्ने र नयाँ पुस्तासम्म पुऱ्याउने वातावरण बनाउनुपर्छ । पुस्तकालयको उद्देश्य पुस्तक सुरक्षित राख्नुमात्रै होइन, मानिसमा पढ्ने बानीको विकास गर्नु पनि हो,' उनले भने ।

> त्रिफला राष्ट्रिय पुस्तकालयको पहिचान विद्यार्थीको अध्ययनमामात्र सीमित छैन । पूर्वी नेपालका साहित्यकारको जमघट हुने थलोका रुपमा यसको छुट्टै महत्व छ । भारतको दार्जीलिङ, सिक्किम, आसाम र मणिपुरसम्मका नेपाली भाषी स्रष्टाका कृति यहाँ संग्रहित छन् । विदेशमा रहेका नेपाली साहित्यकार तथा शुभचिन्तकले आफ्ना प्रकाशित पुस्तकसमेत पुस्तकालयमा पठाउने गरेका छन् । यसले भौगोलिक दूरीका कारण टाढा रहेका नेपालीभाषी लेखक, पाठक र साहित्यिक समुदायलाई एउटै साझा थलोमा जोडेको छ ।

सीमापारिका नेपाली स्रस्टाको साझा थलो

त्रिफला राष्ट्रिय पुस्तकालयको पहिचान विद्यार्थीको अध्ययनमामात्र सीमित छैन । पूर्वी नेपालका साहित्यकारको जमघट हुने थलोका रूपमा यसको छुट्टै महत्त्व छ । भारतको दार्जीलिङ, सिक्किम, आसाम र मणिपुरसम्मका नेपाली भाषी स्रस्टाका कृति यहाँ संग्रहित छन् ।

क्रमशः पृष्ठ ५ मा

पृष्ठ ४ बाट क्रमशः

प्रकृति, संस्कृति...

गढीले परम्परागत तर तत्कालीन उन्नत वास्तुकलाको ज्वलन्त उदाहरणसँगै उक्त कालखण्डको राज्यको सुरक्षात्मक उपायलाई जीवन्तरूपमा चित्रण गरेको छ । सेन वंशका राजाहरूले १३औं शताब्दीको सुरुतिर यहाँ शासन गरेको इतिहास पाइन्छ । सेनवंशका प्रतापी राजा मुकुन्द सेनकै नामबाट मुकुन्दपुर, माकन्दपुर, मुकुनपुरको अपभ्रंश हुँदै मकवानपुर नामकरण भएको पाइन्छ । यस गढीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नेगरी विभिन्न पूर्वाधार निर्माणका कामहरू अघि बढाइएको मकवानपुरगढी गाउँपालिका-२ का वडाध्यक्ष बखानसिंह पाख्रिनले जानकारी दिए ।

मकवानपुरकै राक्सिराङ गाउँपालिका-३ गलमटे केराबारीमा रहेको 'जलपरी झरना' जिल्लाको अर्को महत्त्वपूर्ण पर्यटकीय आकर्षण हो । हेटौंडाको मुख्य बजारबाट ३० किलोमिटर दूरी र मनहरिबाट करिब १० किलोमिटर दूरी पार गरेपछि यस जलपरी झरनामा आउने आउन सकिने राक्सिराङ गाउँपालिका वडा नं ३ का वडाध्यक्ष उत्तम वाइबाले बताए । पर्यटकीय सम्भावना भएर पनि ओझेलमा परिरहेको यस झरनाको प्रवर्द्धनसँगै यहाँको पूर्वाधार विकासका लागि वडा कार्यालय निरन्तर लागिरहेको उनले बताए ।

राक्सिराङमा नै रहेका सीता अशोक बाटिकाजस्ता थुप्रै पर्यटकीय गन्तव्य प्रवर्द्धनको पर्खाइमा रहेका छन् । झरनासँगै यहाँको चमेरे गुफासमेतलाई समेटेर पर्यटकीय विकासका योजना अघि बढाइएको बताउँदै उनले यहाँको पर्यटकीय उपयोगलाई लक्षित गरी विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरी यसको संरक्षण र प्रवर्द्धनका लागि २०७४ सालयता निरन्तर प्रयास गरिएको बताए । यहाँको पूर्वाधार विकासका लागि प्रदेश तथा पालिकाबाट हालसम्म एक करोड २७ लाख रूपैयाँ बजेट विनियोजन भई विभिन्न काम सम्पन्न भएको उनको भनाइ छ ।

जिल्लाकै दक्षिण-पूर्वी भागमा अवस्थित बकैया गाउँपालिका कृषि, पशुपालन तथा पर्यटनलाई प्राथमिकताका साथ अघि बढाउन खोजेको गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले जानकारी दिए । उनका अनुसार पालिका-६ स्थित गौतम बुद्ध पार्क, वडा नं ७ स्थित धनेश्वर पार्क, वडा नं १० स्थित अम्बास गढी, वडा नं १२ स्थित लटरम्वेश्वर महादेव मन्दिर लगायतका थुप्रै पर्यटकीय गन्तव्य यस पालिकामा रहेका छन् । जिल्लामा रहेका पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन र विकासमा सबैको एकताबद्ध प्रयास आवश्यक रहेको उनको भनाइ छ । *रासस*

■■■

ज्ञान, अध्ययन...

विदेशमा रहेका नेपाली साहित्यकार तथा शुभचिन्तकले आफ्ना प्रकाशित पुस्तकसमेत पुस्तकालयमा पठाउने गरेका छन् । यसले भौगोलिक दूरीका कारण टाढा रहेका नेपालीभाषी लेखक, पाठक र साहित्यिक समुदायलाई एउटै साझा थलोमा जोडेको छ । यहाँ संग्रहित कृति नेपाली भाषा, साहित्य र संस्कृतिसम्बन्धी अध्ययनका लागि उपयोगी स्रोत बनेका छन् ।

साहित्यकार तथा पत्रकार देवेन्द्रकिशोर ढुंगानाका अनुसार त्रिफला पुस्तकालय पछिल्लो समय साहित्य, कला र संगीतको केन्द्रका रूपमा विकसित हुँदै गएको छ । 'पुस्तक पढ्नु भनेको ज्ञानको दायरा फराकिलो बनाउनु हो । त्रिफलाले पुस्तक संग्रह गर्ने कामसँगै साहित्यकारलाई भेटघाट गर्ने, विचार आदानप्रदान गर्ने र सिर्जनाबारे छलफल गर्ने ठाउँ दिएको छ । पुस्तकालयको यस्तो भूमिका पठन संस्कृतिको विकासका लागि महत्त्वपूर्ण छ,' ढुंगाना भन्छन् । पुस्तकालयमा नियमित अध्ययन गर्ने विद्यार्थी र साहित्यिक कार्यक्रममा सहभागी हुने स्रस्टाका उद्देश्य फरक छन् तर दुवैलाई जोड्ने साझा माध्यम पुस्तक र ज्ञानप्रतिको रुचि हो । यस अर्थमा त्रिफला अध्ययन र सिर्जनाबीचको सम्बन्ध जोड्ने साझा चौतारी बनेको छ ।

एक व्यक्तिको संकल्प, हजारौंको साथ

त्रिफला राष्ट्रिय पुस्तकालयको आजको स्वरूप पछाडि संस्थापक प्रेमप्रकाश पोखरेल 'फलाहारी'को लामो संघर्ष र सयौं दाताको योगदान जोडिएको छ । सामान्य परिवारमा जन्मिएका फलाहारीले नुन, अन्न र जुत्ताचप्पल त्यागेर गेरुवा बस्त्र धारण गरेपछि पुस्तकालय स्थापनाका लागि सहयोग जुटाउन देशका विभिन्न ठाउँमा पैदलयात्रा गरेका थिए ।

सुरुका दिनमा उनको अभियानलाई समाजका सबैले सहजरूपमा स्वीकार गरेका थिएनन् । कसैले असामान्य ठाने, कसैले आलोचना गरे । तर, उनले पुस्तकालय स्थापनाको लक्ष्य छाडेनन् । पुस्तक र ज्ञानको महत्त्व बुझाउँदै सहयोग जुटाउने प्रयास निरन्तर अघि बढाए । पुराना दिन सम्झँदै फलाहारी भन्छन्, 'सुरुका दिनमा पुस्तकालय बनाउने काम सजिलो थिएन । धेरै ठाउँमा पुग्नुपर्‍यो, सहयोग माग्नुपर्‍यो र विभिन्न कठिनाइ सामना गर्नुपर्‍यो । तर, ज्ञान सबैका लागि आवश्यक छ भन्ने विश्वासले यो काम निरन्तर अघि बढाएँ ।'

स्थानीय जग्गादाता, साहित्यकार, समाजसेवी तथा पुस्तकप्रेमीको सहयोगले पुस्तकालयले क्रमशः आफ्नै जग्गा र भवन प्राप्त गर्‍यो । स्थानीय छत्रबहादुर बस्नेत र देवेन्द्रविक्रम नेम्वाङलगायतले जग्गा उपलब्ध गराउन सहयोग गरे भने विभिन्न दाताले पुस्तक र आर्थिक सहयोग प्रदान गरे । पुस्तकालयका संस्थापक तथा आजीवन सदस्यको संख्या एक हजारभन्दा बढी र साधारण सदस्य पाँच हजारभन्दा बढी रहेको फलाहारी बताउँछन् ।

'कसैले जग्गा दिए, कसैले पुस्तक दिए, कसैले आर्थिक सहयोग गरे । धेरै व्यक्तिको सहयोग र विश्वास नभएको भए पुस्तकालय आजको अवस्थामा पुग्नसक्ने थिएन,' उनी भन्छन् । फलाहारीको व्यक्तिगत संकल्पबाट सुरु भएको अभियान आज सामूहिक ज्ञानसम्पत्तिका रूपमा विकसित भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट २०७७ सालमा देशकै उत्कृष्ट पुस्तकालयको सम्मान प्राप्त गर्नु पनि यसको यात्राको महत्त्वपूर्ण उपलब्धि हो ।

संरक्षणको चुनौती

पुस्तकालयको विकाससँगै यसको दीर्घकालीन संरक्षणको प्रश्न पनि महत्त्वपूर्ण बनेको छ । ५० हजारभन्दा बढी पुस्तक तथा पत्रपत्रिकालाई व्यवस्थित राख्न, सूचीकरण गर्न र पुराना कृतिलाई सुरक्षित गर्न दक्ष जनशक्ति तथा पर्याप्त आर्थिक स्रोत आवश्यक पर्छ । कोशी प्रदेश सरकारबाट प्राप्त अनुदानपछि पुस्तकको 'बाइण्डिङ' र 'क्याटलगिङ'को काम सुरु गरिए पनि सबै पुस्तक व्यवस्थित गर्न अझै धेरै काम बाँकी छ ।

फलाहारी भन्छन्, 'पुस्तकालयमा धेरै पुराना र दुर्लभ पुस्तक छन् । तिनलाई सुरक्षित राख्नु हाम्रो जिम्मेवारी हो । त्यसका लागि दक्ष कर्मचारी, आर्थिक स्रोत र व्यवस्थित संरक्षण प्रणाली आवश्यक छ ।' उनले स्थानीय तहबाट अपेक्षित सहयोग नपाएको गुनासो गरे । भविष्यमा पुस्तकालयको भवन विस्तार गरी व्यवस्थित वाचनालय र संग्रहालयसमेत स्थापना गर्ने योजना रहेको उनले सुनाए । यसले अध्ययन, अनुसन्धान, पुस्तक संरक्षण र ज्ञानसम्बन्धी गतिविधिलाई थप व्यवस्थित बनाउनसक्ने उनको अपेक्षा छ ।

पुस्तकालयको क्षेत्रगत विकासका लागि कोशी प्रदेश पुस्तकालय संघ नेपालले पनि भूमिका खेलिरहेको छ । संघका सल्लाहकार उद्धव विष्टका अनुसार पुस्तकालयलाई ज्ञान र सीपको खुला केन्द्रका रूपमा विकास गर्न आवश्यक छ । 'पुस्तकालय भनेको पुस्तक राख्ने ठाउँ मात्रै होइन, ज्ञान र सीप हासिल गर्ने साझा केन्द्र हो । पुस्तकालयलाई जीवन्त राख्न समुदायको सहभागिता, नियमित पठन गतिविधि र संस्थागत सहयोग आवश्यक हुन्छ,' विष्टले भने ।

संघकी कोषाध्यक्ष राधा घिमिरे पनि पुस्तकालयको दिगो विकास र पठन संस्कृतिको विस्तारमा पुस्तकालय क्षेत्रका संस्थाको भूमिका महत्त्वपूर्ण हुने बताउँछिन् । 'पुस्तकालयलाई व्यवस्थित बनाउने र नयाँ पुस्तालाई पुस्तकसँग जोड्ने कामलाई प्राथमिकता दिनुपर्छ,' उनले भनिन् । त्रिफला राष्ट्रिय पुस्तकालयको कथा केवल भवन निर्माण, पुस्तक संकलन वा सम्मान प्राप्तिको कथा होइन । यो ज्ञानप्रतिको समर्पण, सामूहिक सहयोग र पठन संस्कृतिलाई जीवित राख्ने प्रयासको कथा पनि हो । *रासस*

शान्ति नेपाली समाज बेलायतको नेपाल शाखा गठन, अध्यक्षमा सांसद साजिदा सिद्धिकी

■ प्रभाव संवाददाता

काठमाडौं– बेलायतको बर्मिङ्घम क्षेत्रमा बसोबास गर्ने नेपालीहरूको संस्था शान्ति नेपाली समाज बेलायतले नेपाल शाखा गठन गरेको छ। शुक्रबार काठमाडौंमा आयोजित भेलाले प्रतिनिधिसभा सदस्य तथा मानवअधिकारकर्मी साजिदा खातुन सिद्धिकीको अध्यक्षतामा दुई वर्षका लागि नयाँ कार्यसमिति चयन गरेको हो।

अध्यक्ष साजिदा दुई दशकभन्दा बढी समयदेखि सामाजिक र मानवअधिकार क्षेत्रमा कार्यरत छिन् । जनजीविका र राष्ट्रियताको सवालमा सिद्धिकी संसदमा खरो सुनिन्छिन् । उनै सांसद सिद्धिकीलाई बेलायतबाट नेपाल आएका संस्थाका अध्यक्ष राजेशमणि लामिछानेको अध्यक्षतामा बसेको भेलाले अध्यक्ष चयन गरेको हो।

संस्थाको उपाध्यक्षमा बलराज तामाङ, महासचिवमा प्रवेश अर्याल, सचिवमा कृष्ण आचार्य, कोषाध्यक्षमा नारद सापकोटा र प्रवक्तामा जंग तामाङ चयन भएका छन् । यसैगरी सदस्यहरूमा चन्द्रशेखर घिमिरे, सरिता गुरुङ, सृजना श्रेष्ठ, नारायण ढकाल र लक्ष्मीकुमारी गिरी चयन भएका छन् ।

नवनिर्वाचित अध्यक्ष सिद्धिकीले नेपालमा विभिन्न विपत्तिका बेला संस्थाले पुर्‍याउँदै आएको सहयोगको प्रशंसा गरिन् । शिक्षा तथा पूर्वाधार विकासमा संस्थाको योगदानको सराहना गर्दै उनले 'एक पटकको नेपाली, सधैंको नेपाली' भन्ने भावनाको महत्त्वमा जोड दिइन् । कार्यक्रममा अध्यक्ष लामिछानेले संस्था सन् २०१२ अक्टोबरमा स्थापना भएको जानकारी दिए । बेलायतको मिडल्याण्ड क्षेत्र, विशेषगरी बर्मिङ्घम आसपास बसोबास गर्ने गैरआवासीय नेपालीबीच भाइचारा, सहयोग र एकता कायम गर्ने उद्देश्यले संस्था स्थापना गरिएको उनले बताए ।

संस्थाले स्थापनाकालदेखि नै नेपाली कला, संस्कृति, चाडपर्व, परम्परा र रहनसहनको संरक्षण तथा प्रवर्द्धन गर्दै आएको छ। बेलायतमा हुर्किरहेको नयाँ पुस्तालाई नेपाली पहिचानसँग जोड्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए ।

नेपालमा प्राकृतिक विपत्ति आइपर्दा आफ्नो क्षमताअनुसार सहयोग गर्दै आएको उल्लेख गर्दै लामिछानेले मातृभूमिप्रतिको जिम्मेवारी आगामी दिनमा पनि निरन्तर निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाल शाखा गठनले मातृभूमिलक्षित सामाजिक तथा विकासका कार्यक्रम सञ्चालन गर्न सहज हुने उनको विश्वास थियो ।

कार्यक्रममा संस्थाका कार्यवाहक अध्यक्ष निशेन्तमान बज्राचार्य, महासचिव शशांक शर्मा, प्रमुख सल्लाहकार कोशलेश्वर ढकाल र संरक्षक ठाकुरप्रसाद ज्ञवालीलगायतले नयाँ कार्यसमितिलाई शुभकामना दिएका थिए ।

सीमा सुरक्षा र द्विपक्षीय सहकार्य सुदृढ बनाउने साझा प्रतिबद्धता

काठमाडौं (प्रस)– नेपाल-भारत सीमा क्षेत्रमा हुने अवैध गतिविधि तथा सीमापार अपराध नियन्त्रण गर्न दुवै देशका सीमा सुरक्षा नेतृत्वबीच द्विपक्षीय सहकार्य सुदृढ बनाउने समझदारी भएको छ ।

सशस्त्र प्रहरी बल नेपाल र भारतको सशस्त्र सीमा बलका प्रमुख सहभागी 'नेपाल-भारत १०औं समन्वय' बैठकमा अघिल्ला निर्णयको प्रगति पुनरावलोकन गर्दै रणनीति, 'अपरेसनल' र कार्यक्षेत्रका तहमा सहकार्य अभिवृद्धि गर्ने सहमति जुटेको हो ।

बैठकले दशगजा क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि अनधिकृत खेतीपाती, अतिक्रमण र अवैध संरचना हटाउन निरन्तर संयुक्त प्रयास जारी राख्ने निर्णय गरेको छ । यस्तै 'बाउण्ड्री वर्किङ ग्रुप' र 'सर्भे अफिसियल्स कमिटी'को निर्णयअनुसार सीमास्तम्भको निरन्तर मर्मत, सम्भार तथा पुनर्निर्माण गर्न 'फिल्ड' मा समन्वय बढाउन दुवैपक्ष सहमत भएको सशस्त्र प्रहरीका प्रवक्ता नेत्रबहादुर कार्कीले जानकारी दिए ।

सीमापार आपराधिक सञ्जाल, अवैध तस्करी, मानव बेचबिखन, नक्कली नोट, लागुपदार्थ नियन्त्रण तथा तेस्रो मुलुकका नागरिकको अनधिकृत आवतजावत रोक्न समयमै प्राप्त हुने सोसँग सम्बन्धित सूचनाको आदानप्रदानलाई निरन्तरता दिइने दुवै पक्षले प्रतिबद्धता व्यक्त गरेका छन् ।

खुला सीमाको दुरूपयोग गरी हुने तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश रोक्न सीमा नाकामा जाँच र कागजात प्रमाणीकरण कडा बनाउने, दशगजा क्षेत्रमा समन्वयात्मक गस्ती सञ्चालन गर्ने र शंकास्पद व्यक्तिबारे तत्काल सूचना आदानप्रदान गर्ने सहमति भएको छ । सीमा सुरक्षा चुनौतीसँग जुध्न आधुनिक प्रविधि, विशेष तालिम सहायता विस्तार गर्ने र दुवै सुरक्षा निकायबीच नियमित अध्ययन भ्रमणमार्फत संस्थागत सम्बन्ध प्रगाढ बनाउने निर्णय गरिएको छ ।

दशगजा क्षेत्रको निगरानीका लागि सिसिटिभी, प्रमुख सीमा नाकामा 'लगेज स्क्यानर' र 'वाक-थ्रु मेटल डिटेक्टर' राख्ने तथा आ-आफ्नो भू-भागमा ड्रोनको प्रयोग बढाउने विषयमा गहन छलफल भएको प्रवक्ता कार्कीले जानकारी दिए । बाढी, पहिरो र भूकम्पजस्ता प्राकृतिक विपद्को सामना गर्न चितवनको कुरिनटारस्थित सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालयमा 'संयुक्त जलउद्धार अभ्यास' सञ्चालन गर्ने सम्बन्धमासमेत छलफल भएको छ ।

बैठकमा वैधानिक यात्रुको सहजताका लागि सीमा नाकामा सहायता कक्ष विस्तार गर्ने, मैत्रीपूर्ण खेलकुदका साथै विभिन्न अन्तर र्‍ाष्ट्रिय दिवस तथा प्रमुख चाडपर्वमा संयुक्त सांस्कृतिक कार्यक्रम आयोजना गरी द्विपक्षीय विश्वास र सौहार्द्रता अभिवृद्धि गर्नेसमेत सहमति भएको छ ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/०४/१५ मा दर्ता भएको **प्रा.लि. नं. ६४५७२** को **रोटेक्स प्रा. लि.** को मिति २०८३/०७/१३ गतेमा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८
ठेगाना : कागेश्वरी मनोहरा-०९, फोन नं. ९८४११५३११४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७६/०५/२२ मा दर्ता भएको श्री **यसोदा तिर्थ निर्माण सेवा प्रा. लि. (प्रा.लि. नं. २२३६५६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
हक दावी गर्न आउने बारेको ३५ दिने सूचना

यस कार्यालयमा मिति २०७२/०९/२० मा दर्ता भएको **हेलो ईङ्गलिस एण्ड कम्प्युटर ट्रेनिङ्ग सेन्टर प्राइभेट लिमिटेड (प्रा.लि. नं. १४३३४५)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार

रोयल पश्मिना इण्डष्ट्रिज प्रा.लि.को
विशेष साधारण सभा सम्बन्धी सूचना

प्रस्तुत बिषयमा यस कम्पनीको संचालक समितिको निर्णयानुसार यस कम्पनीको विशेष साधारण सभा मिति २०८३/०७/३० गते देहायको स्थान, मिति र समयमा देहायका बिषयहरुमा छलफल हुने गरि गर्ने निर्णय भएकोले सम्बन्धित सम्पूर्ण शेयरधनीहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने स्थान, मिति र समय
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय
मिति : मिति २०८३/०७/३० गते
समय : दिनको ११:०० बजे ।

सभामा छलफल हुने प्रस्तावहरू
१. कम्पनी खारेज गर्ने सम्बन्धमा । (विशेष प्रस्ताव)
२. लिक्वीडेटर नियुक्त गर्ने सम्बन्धमा । (विशेष प्रस्ताव)
३. लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा । (विशेष प्रस्ताव)
४. कम्पनीको तर्फबाट चुक्ता गर्नुपर्ने ऋण तथा दायित्व चुक्ता भुक्तान गर्ने सम्बन्धमा । (विशेष प्रस्ताव)
५. विविध ।

युएइमा रोजगार
कम्पनी : Al Madina Agencies and Services-llc
पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 336381 | चलानी नं. ६०२५१२००

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Suttering Carpenter	57	0	1500	६२,२१८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Masion	58	0	1500	६२,२१८							
3	Helper	30	0	1000	४१,७८०							
4	Carpenter Shuttering Steel Fixer	57	0	1500	६२,२१८							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Con; 9809465314,9860291781,9820565314 ,Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np
श्रम इजाजत नं.१७५१/०८१/०८२

युएइमा रोजगार
कम्पनी : CORE INNOVATION ELECTROMECHANICAL L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०४/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 346149 | चलानी नं. ६०२५९३६७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Sheet Metal Worker	1	0	1500	६२,२१८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम इजाजत नं. ७७७/०६५/०६६

मलेसियामा रोजगार
कम्पनी : YEONG CHAUR SHING PAPER MILL SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/१२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 340437 | चलानी नं. ६०२५३८५४

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	11	0	1700	६३,९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
Bansidhara Marga, Chandol-4, Kathmandu, Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: www.chandanirecruitment.com.np
1610/079/80

युएइमा रोजगार
कम्पनी : SABQ ALAIMTIAZ CO.LTD
पूर्व स्वीकृति मिति : २०८३/०३/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 344322

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Food & Beverage	1	0	1400	५६,८०९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

HAPPY NEPAL EMPLOYMENT PVT. LTD
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533

युएइमा रोजगार
कम्पनी : FLEX FACILITY MANAGEMENT LLC
पूर्व स्वीकृति मिति : २०८१/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 319693 | चलानी नं. ६०२३३८१६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner General	69	20	800	३३,१८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
(Nita & Anju Miss) 9709166724, Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम इजाजत नं. १०१९/०६८/०६९

युएइमा रोजगार
कम्पनी : TOP RIGHT TECHNICAL SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८२/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 339446 | चलानी नं. ६०२५२९०३

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	STEEL WORKER/STEEL FIXER	1	0	1500	६२,२१८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	ASSISTANT TILE LAYER	2	0	1200	४९,७७५							

कम्पनी : TOP RIGHT TECHNICAL SERVICES CO.
पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 324810 | चलानी नं. ६०२३८७६८

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव AED	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	ASSISTANT TILE LAYER	2	0	1000	४१,७८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Plaster	2	0	1200	४९,७७५							
3	TILE POLISHER	1	0	1200	४९,७७५							

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने
कामदार आफैं	दिने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com
Permission No. 1676/080/081
INTREPID LEARN ADAPT EVOLVE

मलेसियामा रोजगार
कम्पनी : MACRO DIMENSION CONCRETE SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८३/०३/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१३ | LT. No. 344472

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Machine Operator	7	0	1700	६३,९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : ZHONGDA SHELF & RACK TECHNOLOGY SDN BHD
LT. No. 345612

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	(FACTORY/GENERAL) WORKER	1	0	1700	६३,९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : SINPPA INDUSTRIAL SDN BHD
LT. No. 340302

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव RM	मासिक तलव ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	28	0	1700	६३,९३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ कात्तिक २१ गते (7th Nov. 2026) मा हुनेछ ।

R.K.H.R. SOLUTION PVT.LTD.
KMC-9, Gaushala, Kathmandu, Nepal
Govt. License 1565/079/80

प्रभाव दैनिक National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला – २,८०,३००	प्रति तोला – ०	प्रति तोला – ३,८२५

तिहारको तयारी | तिहार पर्व नजिकिँदै गर्दा भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका-७ स्थित गुण्डुमा बिहीबार बिक्री गर्नका लागि मखमली फूलका माला मिलाएर राख्दै किसान । *तस्बिरः रासस*

कोरला भन्सार क्षेत्रमा थन्किए ५०० कन्टेनर

■ प्रभाव संवाददाता

मुस्ताङ– प्रतिकूल मौसमका कारण नेपाल-चीन सीमाको कोरला नाका क्षेत्रमा ५०० बढी कन्टेनर भन्सार जाँचपास तथा मालसामान ढुवानीका लागि थन्किएका छन् । ती कन्टेनर दसैँपछि बेनी-जोमसोम-कोरला सडकमार्ग हुँदै चिनियाँ मालवस्तु ढुवानी गर्न कोरला नाका क्षेत्र पुगेका हुन् । कोरला नाका क्षेत्र समुन्द्री सतहदेखि चार हजार ६१० मिटरको उचाइमा छ । यसैगरी कोरलास्थित मुस्ताङ भन्सार कार्यालय, क्वारेन्टाइन, सशस्त्र प्रहरीको बीओपी र इलाका प्रहरी कार्यालय समुन्द्री सतहको करिब चार हजार मिटर बढी उचाइ छ ।

बुधबार लोमान्थाङ गाउँपालिकाले सार्वजनिक सूचना प्रेषण गरी बिहीबारदेखि कोरला नाका तथा आसपासका क्षेत्रमा सवारी आवागमन तथा त्यस क्षेत्रमा नजान पर्यटक तथा सर्वसाधारणलाई सूचित गरिसकेको छ । लोमान्थाङले कोरला नाका तथा आसपासका क्षेत्रमा हिमपात, आँधी, हिमपहिरो लगायतको जोखिम हुने सम्भावनालाई मध्यनजर गर्दै सम्भावित जोखिम न्यूनीकरणका लागि यस प्रकारको सूचना जारी गरेको हो ।

मुस्ताङमा बिहीबार मध्यरातिदेखि निरन्तर मध्यम प्रकारको वर्षा भइरहेको छ । उपल्लो मुस्ताङको लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा नियमित वर्षा भइरहेको छ भने कोरला नाका क्षेत्रमा मध्यम हिमपात भइरहेको छ । मुस्ताङमा मध्यम वर्षासँगै चिसो अत्यधिक बढिरहेको छ । उपल्लो मुस्ताङमा तापक्रम घटेर माइनस १२ डिग्री सम्म पुगेको छ ।

नेपाल-चीन उत्तरी कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बीओपी) का अनुसार आज बिहानदेखि उपल्लो मुस्ताङ र कोरला नाका क्षेत्रको मौसम प्रतिकूल बन्दै गएको छ । त्यहाँका बीओपी इन्चार्ज सशस्त्र प्रहरी निरीक्षक प्रकाश धितालका अनुसार उपल्लो मुस्ताङमा बिहीबार बिहानदेखि मध्यम वर्षा भइरहेको छ । निरन्तरको वर्षाका कारण उपल्लो मुस्ताङमा चिसो ह्वात्तै बढेको भए पनि कोरला नाका सडकको आवागमनमा समस्या नपरेको इन्चार्ज धितालले बताए ।

कोरला नाका क्षेत्रको उच्च लेकमा हिमपात भइरहेको भए पनि कोरलानाकाको दशगजा क्षेत्रमा आंशिक मात्रै हिमपात भएको उनले बताए । मौसम प्रतिकूलता हुने पूर्व सूचना भएकाले बीओपी चेकपोस्टबाट कोरला नाकामा नजान पर्यटक तथा सर्वसाधारणलाई सुझाइएको भए पनि आवागमन पूर्ण रूपमा बन्द नभएको उनले बताए ।

कोरला नाका र लोमान्थाङ-४ न्हेचुङ भन्सार यार्डमा ५०० भन्दा बढी कन्टेनर र दुई हजार ५०० बढी विद्युतीय सवारीसाधन भन्सार जाँचपास तथा मालवस्तु लोड गर्न रोकिएका इन्चार्ज धिमालले जानकारी दिए । उनका अनुसार कतिपय कन्टेनर कोरला नाकाबाट मालवस्तु ढुवानी गर्न चीनतर्फ प्रवेश गरिसकेका छन् । हिमपात,

> ‘कोरला नाका र लोमान्थाङ-४ न्हेचुङ भन्सार यार्डमा ५०० भन्दा बढी कन्टेनर र दुई हजार ५०० बढी विद्युतीय सवारीसाधन भन्सार जाँचपास तथा मालवस्तु लोड गर्न रोकिएका छन् ।

हिमआँधी र हिमपहिरोको जोखिमलाई मध्यनजर गर्दै शुक्रबारदेखि कोरला नाकास्थित सीमापारी चीनतर्फ रहेको नेपाली हाटबजार दुई दिनका लागि बन्द गरिएको छ ।

लोमान्थाङ-४ न्हेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट बीओपीले चीनतर्फको समन्वयमा चीनको लिजी पोर्टमा रहेको नेपाली हाटबजार बन्द गराएको हो । त्यहाँका बीओपी इन्चार्ज धिमालले मौसम प्रतिकूलतासँगै सम्भावित जोखिमलाई मध्यनजर गर्दै नेपालबाट चीनतर्फ गएर पसल चलाउनेलाई चीन पक्षको समन्वयमा दुई दिनका लागि आवामगन बन्द गरिएको बताए ।

तीन महिनामा सात अर्ब १३ करोड राजस्व

■ प्रभाव संवाददाता

चितवन– आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा रु सात अर्ब १३ करोड ७६ लाख ८० हजार राजस्व संकलन गरेको छ ।

कार्यालयले असोज मसान्तसम्म रु सात अर्ब ५० करोड चार लाख ६८ हजार राजस्व संकलन गर्ने लक्ष्य राखेकामा लक्ष्यको ९५ दशमलव १६ प्रतिशत प्रगति हासिल गरेको हो । तीन महिनामा संकलित राजस्व वार्षिक लक्ष्यको २० दशमलव ४५ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी रामकुमार अधिकारीका अनुसार चालु आर्थिक वर्षमा रु ३४ अर्ब ९० करोड ६३ लाख ३१ हजार राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ । यसमध्ये आयकरतर्फ रु चार अर्ब ४८ करोड ६५ लाख ५२ हजार, मूल्य अभिवृद्धि करतर्फ रु तीन अर्ब ३९ करोड ३८ लाख ८३ हजार र अन्तःशुल्कतर्फ रु २६ अर्ब ७० करोड ६८ लाख ७६ हजार संकलन गर्ने लक्ष्य छ ।

त्यसैगरी घरभाडातर्फ रु पाँच करोड ८८ लाख १३ हजार र ब्याज आम्दानीतर्फ रु २३ करोड पाँच लाख १२ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेको उनले जानकारी दिए । यसबाहेक अन्य शीर्षकबाट रु दुई करोड ९७ लाख पाँच हजार राजस्व संकलन गर्ने लक्ष्य रहेको छ ।

गत आर्थिक वर्षको पहिलो तीन महिनामा रु पाँच अर्ब ९३ करोड ९२ लाख तीन हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रु पाँच अर्ब ७१ करोड ४५ लाख ४९ हजार संकलन भएको थियो । चालु आवको पहिलो तीन महिनामा गत वर्षको सोही अवधिको तुलनामा रु एक अर्ब ४२ करोड ३१ लाख ३१ हजार अर्थात् २४ दशमलव ९० प्रतिशत बढी राजस्व संकलन भएको सूचना अधिकारी अधिकारीले जानकारी दिए ।

चालु आवको असोज मसान्तसम्म आयकरतर्फ रु ६७ करोड २१ लाख ७७ हजार संकलन गर्ने लक्ष्य रहेकामा रु ८४ करोड २१ लाख १५ हजार संकलन भएको छ । यो लक्ष्यको १२५ दशमलव २८ प्रतिशत हो । त्यस्तै मूल्य अभिवृद्धि करतर्फ रु ७२ करोड ६९ लाख २७ हजार संकलन गर्ने लक्ष्य रहेकामा रु ७३ करोड ३९ लाख ७९ हजार अर्थात् लक्ष्यको १०० दशमलव ९७ प्रतिशत संकलन भएको छ ।

अन्तःशुल्कतर्फ रु छ अर्ब एक करोड ६७ लाख ९६ हजार संकलन गर्ने लक्ष्य रहेकामा रु पाँच अर्ब ४९ करोड १३ लाख ३० हजार अर्थात् लक्ष्यको ९१ दशमलव २७ प्रतिशत प्रगति भएको कार्यालयले जनाएको छ ।

त्यसैगरी घरभाडातर्फ रु एक करोड चार लाख ८१ हजार संकलन गर्ने लक्ष्य रहेकामा रु एक करोड ३९ लाख ६२ हजार अर्थात् लक्ष्यको १३३ दशमलव २१ प्रतिशत राजस्व संकलन भएको छ । ब्याज आम्दानीतर्फ रु छ करोड ४५ लाख २८ हजार संकलन गर्ने लक्ष्य रहेकामा रु चार करोड आठ लाख ७७ हजार अर्थात् लक्ष्यको ६३ दशमलव ३५ प्रतिशत प्रगति भएको छ ।

कार्यालयका अनुसार चालु आर्थिक वर्षको असोजमा मात्रै रु दुई अर्ब ७७ करोड ४७ लाख ९७ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकामा रु तीन अर्ब ४१ करोड ३२ लाख २० हजार संकलन भएको छ ।

मुस्ताङको पर्यटन पुनः सुस्ताउँदै

मुस्ताङ– मुस्ताङको पर्यटन पुनः सुस्ताउँदै गएको छ । भारी हिमपात, हिमआँधी र हिमपहिरोसहित भारी जोखिम हुने प्रक्षेपण गरिएका सूचना प्रसारण भएपछि मुस्ताङमा पर्यटकको संख्या कम हुँदै जान थालेको हो ।

जिल्ला प्रशासन कार्यालय, लोमान्थाङ गाउँपालिका र लोघेकर दामोदरकुण्ड गाउँपालिकालगायतले बिहीबारदेखि शनिबारसम्म हिमपात, हिमआँधी र हिमपहिरोको जोखिम रहेको उल्लेख गर्दै छुट्टाछुट्टै सार्वजनिक सूचना प्रेषित गरेसँगै मुस्ताङमा बुधबारदेखि आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या क्रमशः कम हुँदै गएको हो ।

प्रशासन र स्थानीय निकायले मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको सूचनाअनुसार बिहीबारदेखि तीन दिनसम्म मौसम प्रतिकूल रहने सम्भावना रहेकाले सम्भावित विपद् जोखिमलाई मध्यनजर गर्दै मुस्ताङका हिमाली तथा उच्चपहाडी क्षेत्रमा पदयात्रा नगर्न पर्यटक तथा सर्वसाधारणलाई सूचित गरेका हुन् ।

जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक ईश्वर महतका अनुसार बिहीबारदेखि तीनदिनसम्म मौसम प्रतिकूल हुने सूचनाका कारण मुस्ताङमा पर्यटकको संख्या आंशिक रूपमा घट्दै गइरहेको बताए ।

दसैँपछि दैनिक पाँच हजार पर्यटक मुस्ताङ भित्रिने गरेकोमा बुधबारदेखि पर्यटकको संख्या आधाले घटेको छ । बुधबार बेनी-जोमसोम सडकमार्ग हुँदै दुई हजार ८३४ जना पर्यटक मुस्ताङ भित्रिएका छन् ।

जसमध्ये दसैं बिदामा घर गएका कर्मचारी, सुरक्षाकर्मी र स्थानीय नागरिक मुस्ताङ कार्यक्षेत्र र जिल्ला फर्किएका हुन् । हिमपात हुने सूचनापछि बिहीबार म्याग्दी र मुस्ताङको सिमाना घाँसाबाट ७७९ वटा सवारीसाधन मुस्ताङ प्रवेश गरेका प्रहरी निरीक्षक महतले जानकारी दिए ।

यसैगरी मुस्ताङबाट बुधबार मात्रै तीन हजार ३१२ जना पर्यटक थासाङ-३ स्थित इलाका प्रहरी कार्यालय लेतको चेकपोस्टबाट बाहिरिएका छन् । प्रहरी निरीक्षक महतले बुधबार ७९९ वटा सवारीसाधन मुस्ताङबाट बाहिरिएको बताए ।

उनका अनुसार दुईदिन अघि औसत पाँच हजार बढीले मुक्तिनाथको दर्शन गरेकामा बुधबार दुई हजार ४७९ जनामा सीमित रहेको छ । जसमध्ये स्वदेशी एक हजार ३००, सार्क राष्ट्रका एक हजार १५० र अन्य मुलुकका पर्यटक २१ जना रहेको प्रहरी निरीक्षक महतको भनाइ छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय जोमसोमको 'पर्यटक परमिट चेकपोस्ट'ले पनि भारी वर्षा र हिमपातको जोखिम हुने सूचनाले मुस्ताङमा पर्यटकको आवागमन कम हुँदै गइरहेको जनाएको छ ।

यहाँस्थित एक्याप जोमसोमका प्रमुख राजेश गुप्ताका अनुसार हिमपात र वर्षा हुने सूचना अघि मुस्ताङमा दैनिक एक हजार बढी विदेशी पर्यटक भित्रिने गरेकामा बिहीबार उक्त संख्यामा २५ प्रतिशतले कम पर्यटक भित्रिएको उल्लेख गरे ।

एक्याप पर्यटक चेक पोस्टका अनुसार पछिल्लो चारदिनमा तीन हजार ९६९ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका थिए । २५ अक्टोबरमा ९९४ जना, २६ मा १०६० जना, २७ मा ९१६ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएकामा अक्टोबर २९ (हिजो) साँझ ६ बजेसम्म ६०१ जना विदेशी पर्यटक मुस्ताङ भित्रिएका हुन् ।

मुस्ताङ भित्रिएका विदेशी पर्यटकमध्ये १३० जना विदेशी पर्यटक जोमसोमबाट बाहिरिएको एक्याप प्रमुख गुप्तले जानकारी दिए । लोमान्थांक गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले बिहीबारदेखि भारी हिमपात, हिमआँधी र हिमपहिरोको उच्च जोखिम रहेकाले कोरलानाका र आसपासका क्षेत्रमा यात्रा नगर्न तथा सवारीसाधन नचलाउन सार्वजनिक अनुरोध गरेका छन् ।

हिमपातका कारण सडकमा हिउँ जम्ने, सवारी दुर्घटना हुनसक्ने र चिसोका कारण स्वास्थ्यमा समस्या पर्नसक्ने भएकाले बिहीबारदेखि शनिबारसम्म मुस्ताङको उपल्लो क्षेत्रमा यात्रा नगर्न तथा यात्रामा रहेकाले उच्च सतर्कता अपनाउन अध्यक्ष गुरुङले सूचनामार्फत आग्रह गरेका छन् । *रासस*

Dodhara Chandani Municipality
Office Of The Municipal Executive

Dodharachadani, Kanchanpur

Sudurpaschim Province, Nepal

INVITATION FOR BIDS

First Date of Publication: 2083/07/14

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for Irrigation Boring Procurement Work, Different Ward and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at Municipal Office .
3. Bidding documents may be purchased from the office of Dodhara Chadani Municipality, Dodhara Chadani, Kanchanpur by eligible Bidders, on submission of a written application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) (21 st day.) from the first date of publication of this notice.
4. Bids must be submitted to the office of Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on or before 12.00hr. noon on 2083/08/07 Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on 2083/08/07 and 14.00hr. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of as mention below, which shall be valid for 30 days beyond the bid validity period.
6. Bidder may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in Dharauti Khata Account No : 0823501563767108, Agricultural Development Bank, Dodhara chadani branch.
   Account Name. Dharauti Khata and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

IFB Number	Description of Work	Estimated Amount, NRs. (Excluding VAT& PS)	Bid Security Amount (Rs.)	Bid Document Fee
11/Goods/ 2083/084	Irrigation Motor and Pipe Procurement Work, Ward 01 to 05	22,07,645.17	70,000.00	3000.00
12/Goods/ 2083/084	Irrigation Motor and Pipe Procurement Work, Ward 05	26,50,863.80	80,000.00	3000.00
13/Goods/ 2083/084	Irrigation Motor and Pipe Procurement Work, Ward 06 to 10	17,67,186.22	60,000.00	3000.00

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

(Bhan Dev Bhatt)
Act. Chief Admistrative Officer